का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ वैशाख २०८०,
बुधबार
26 April 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



रास्वपा सभापति रवि लामिछानेप्रतिको आकर्षण बढ्दोरुपमा रहेको जनमतले देखाएको छ । उनले मंसिरको चुनावभन्दा धेरै मतान्तरले उपनिर्वाचन जिते ।

# रविको बढ्दो आकर्षण

'निर्वाचनको क्रममा विभिन्न लाञ्छना र आरोप प्रत्यारोप लगाइएका थिए। सबैको जवाफ एकमुष्टरूपमा चितवनले स्वस्तिक छाप लगाएर दिएका छन्।'
■ रवि लामिछाने
सभापति, रास्वपा

**बिकास लम्साल/मध्यान्ह**
काठमाडौं, १२ वैशाख ।

प्रतिनिधिसभा निर्वाचनको बैशाख १० मा भएको उपनिर्वाचनले नतिजा न त संसदीय अंकगणितमा फेरबदल हुन्थ्यो न त सरकार परिर्वतनको कारक नै हुन सक्थ्यो तर पनि सबै राजनीति दलले यो उपनिर्वाचनलाई प्रतिष्ठाको लडाँईको रुपमा लिएका थिए ।

त्यो प्रतिष्ठाका लडाईमा करिब एक वर्ष अगाडी स्थापित भएको राष्ट्रिय स्वतन्त्र पार्टीले साढे सात दशकको इतिहास बोकेको दाबी गर्ने कांग्रेस र एमाले निक्कै नराम्ररी पछ्रारेको छ ।

परिणाम सार्वजनिक भएका दुवै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विजयी भएका छन् । चितवन-२ मा रास्वपाका सभापति रवि लामिछाने र तनहुँ-१ मा डा. स्वर्णिम वाग्ले निर्वाचित भइसकेका छन् ।

अर्थात, रास्वपा सभापति रवि लामिछानेप्रतिको आकर्षण बढ्दोरुपमा रहेको जनमतले देखाएको छ । उनी मंसिरको चुनावमा सबभन्दा धेरै मतान्तरले सांसद चुनिए । लामिछाने अमेरिकी नागरिकता त्यागेपनि नेपाली नागरिकता लिने प्रकृया पूरा नगरी चुनाव लडेका कारण १३ माघमा पदमुक्त भएका थिए । तर पुनः नेपाली नागरिकता लिएपछि १० वैशाखको उपनिर्वाचनमा उम्मेदवार बनेका लामिछाने अघिल्लो पटकभन्दा बढी अर्थात कुल खसेको मतको ६८ प्रतिशतभन्दा बढी मतका साथ फेरि अनुमोदित भए ।

निर्वाचित भएपछि उनले निर्वाचनको क्रममा आफूहरूमाथि गरेको अपमानको जवाफ जनताले दिएको बताए । 'निर्वाचनको क्रममा हामीमाथि विभिन्न लाञ्छना र विभिन्न आरोप प्रत्यारोप लगाएका थिए । कतिपयल जवाफ दिनुस् भन्नुहुन्थ्यो । तर, मैले भन्ने गर्थें- यसको जवाफ मैले राख्नु पर्दैन चितवनवासीले राखेका छन् भनेर । सबैको जवाफ एकमुष्टरूपमा चितवनले स्वस्तिक छाप लगाएर दिएका छन।'

चितवन-२ मा सभापति लामिछाने ५४ हजार एक सय ७५ मतसहित विजयी भए । यसपटक उनी एमाले र कांग्रेसका युवा उम्मेदवारसँग भिडेका थिए । तर, उनीहरूले पनि मंसिर ४ को साख पनि जोगाउन सकेनन् । कांग्रेसका जितनारायण श्रेष्ठले ११ हजार एक सय १४ मत पाए ।

यस्तै एमालेका रामप्रसाद न्यौपानेले १० हजार नौ सय ३६ मत पाए । यसअघि चितवनमा एमालेका कृष्णभक्त पोखरेलले १४ हजार छ सय ५२ मत पाएका थिए । तर, यसपटक एमालेले तीन हजार सात सय १६ मत गुमाएको छ । कांग्रेसका उमेश कुमार श्रेष्ठले १४ हजार नौ सय ८८ मत ल्याएका थिए । यसपटक कांग्रेसले थप तीन हजार आठ सय ७८ मत कम ल्याएको छ । तनहुँ-१ मा डा.स्वर्णिम वाग्ले ३४ हजार »» पृष्ठ २ मा

## सशंकित पुराना दल

रास्वपाले दुई वटा क्षेत्रमा चुनाव जितेपछि कांग्रेस र एमाले सहितका दलहरु सशंकित भएका छन् । उपनिर्वाचनको परिणामले सत्ता गठबन्धनको मुख्य घटक नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी एमालेप्रति दुवैप्रति जनताको आकर्षण घट्नुका साथै आगामी निर्वाचनको चुनौती रास्वपा हुनसक्ने आशंका गरेका हुन् ।



उपनिर्वाचनले ठूला पार्टीप्रति जनताको त्यति चासो नभएको देखाएको छ । पार्टीलाई सुधारेर जान आवश्यक देखिन्छ ।
■ **शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



उपनिर्वाचनको परिणामका विषयमा सबैले पार्टीभित्र समीक्षा गर्नुपर्ने बेला आएको छ । अब गम्भीर नभए र कमी कमजोरी सुधार गर्न नसके जनताले विश्वास गर्दैनन् ।
■ **माधवकुमार नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी



उपनिर्वाचनमा जनताले दिएको मतलाई सम्मान गर्नुपर्छ । संविधान र व्यवस्था मानेर कुनै दल आउँछ भने त्यसलाई निषेध नभई स्वागत गर्नुपर्छ ।
■ **योगेश भट्टराई**
सचिव, नेकपा एमाले

## वैदेशिक रोजगार विशेष

## व्यवसायीले लिने सेवा शुल्क परिमार्जन गर्न आवश्यक : श्रममन्त्री भण्डारी



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित पेशाका रूपमा विकास गर्नका लागि अन्य सुधारका अतिरिक्त वैदेशिक रोजगार व्यवसायीले लिने सेवा शुल्क पनि परिमार्जन गर्न आवश्यक रहेको बताएका छन् ।

वैदेशिक रोजगार पत्रकार समाजसँग मंगलबार मन्त्रालयमा भएको अन्तरक्रियामा मन्त्री भण्डारीले आफू वैदेशिक रोजगार व्यवसायीसहित प्रमुख स्टेक होल्डरहरूसँग खुलारूपमा छलफल गरेर विगतमा भएका कतिपय निर्णयमा नीतिगत सुधार गरेर अघि बढ्न तयार रहेको बताए ।

श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेपछि पहिलोपटक वैदेशिक रोजगार क्षेत्रका सञ्चारकर्मीहरूसँग अन्तरक्रिया गर्दै मन्त्री भण्डारीले वैदेशिक रोजगार व्यवसायीहरूलाई अनुशासनको दायरामा बाँध्न पनि समयसापेक्ष हुने गरी उपयुक्त सेवा शुल्कको व्यवस्था गरेर अघि बढ्न आवश्यक रहेको बताए ।

सेवा शुल्क परिमार्जनलगायतका विषयमा आफूलाई अन्य पक्षसहित सञ्चार क्षेत्रको फिडब्याक आवश्यक रहेको भन्दै मन्त्री भण्डारीले उपयुक्त राय सुझाव दिनसमेत सञ्चारकर्मीलाई आग्रह गरे ।

मन्त्री भण्डारीले भने, 'व्यवसायीको लागत कति छ ? फ्रि भिसा फ्रि »» पृष्ठ २ मा

## रोकिएन राज्यकोषको दुरुपयोग

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ वैशाख ।

स्वास्थ्यमा समस्या देखिएपछि भारत गएका राष्ट्रपति रामचन्द्र पौडेलको उपचार खर्च महंगो हुने भएपछि सर्वत्र आलोचना चुलिएको छ । नेपालमै उपचार हुने रोगमा समेत विदेश गएर सरकारी कोषको दुरुपयोग गरेको भन्दै आलोचना चुलिएको छ । गत बुधबार श्री एयरको एयर एम्बुलेन्समार्फत नयाँ दिल्लीस्थित अल इन्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्सेस (एम्स)मा उपचार गर्न लैजाँदा हवाइ भाडा बापत राज्य कोषबाट ६५ लाख ५० हजार पाँच सय रुपैयाँ खर्च भएको हो ।

हुन त, राष्ट्रपति पौडेल राज्यकोषको दुरुपयोग गरेर उपचार गर्ने पहिलो भीआइपी भने होइनन् । यसअघिका राष्ट्रपति, पूर्वप्रधानमन्त्री र मन्त्रीहरुले उपचारको नाममा करोडौं रुपैयाँ सकिसकेका छन् । पूर्वराष्ट्रपति रामवरण यादव, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, विद्या भण्डारी र केपी ओली लगायतका धेरै पूर्वविशिष्टले राज्यकोषबाट उपचारका लागि ठूलो रकम लिईसकेका छन् ।

पूर्वराष्ट्रपति रामवरण यादवले उपचारका नाममा »» पृष्ठ २ मा


## अफिस बिक्रीमा

पहिलै मेवपावर रहेको डेकोरेशनसहितको मेनपावरको लागि उपयुक्त अफिस बिक्रिमा

9818940502



## ROMANIA मा DELIVERY BOY हरूको लागि रोजगार

कम्पनी: HUMANITARIAN HUMAN RESOURCES SRL शहर: BUCHAREST

पुर्व स्वीकृत मिति: २०७९/ १२/२०  चलानी नं.:६०२००७०६  L.T. No.: 283947

| सि. नं. | कामदारको पद | माग संख्या: पुरूष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: USD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Boy | 120 | 0 | स. काममा दक्ष | 550 | ७१,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

नोट: Bio Data Complete Contact Details हुनुपर्नेछ ।
Candidates must have good communication skill is required.

यसै कम्पनीको लागि Cook, Waiter, Bartender, Cleaner र Kitchen Helper को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा तुरुन्त सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता पाथीभारा होटेल, इटहरी सुनसरीमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा कास्कीमा २०८० बैशाख २४ गते (7 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता होटेल रेड कार्पेट, चितवन भरतपुरमा २०८० बैशाख २६ गते (9 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोंने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोंने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोंने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1551/078/079

**Humanitarian Human Resources PVT. LTD.**
Dharapati-3 Maharajgunj, Kathmandu, Nepal.
Tel: +977-015912146/ 015912147, E-mail: document.humanitarianhr@yahoo.com
Kathmandu Contact No: 9816607803, 9813966350, Itahari Contact No: 9852046497/9808056550.
Pokhara Contact No: 061591040, 9802851906, 9802851907, 9802851908, 9802851909.
Chitwan Contact No: 9855050251, 9818518608, 9855054708.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१३ वैशाख २०८०, बुधबार
26 April 2023, Wednesday

# ढाकाकुमार श्रेष्ठ पदमुक्त



**काठमाडौं / मस –** प्रतिनिधिसभा बैठकमा सांसद ढाकाकुमार श्रेष्ठसांसद पदबाट मुक्त भएका छन् । मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा सभामुख देवराज घिमिरेले राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको बैठकले पार्टीको साधारण सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको जानकारी गराएका हुन् ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ को उपदफा १ बमोजिम संघीय संसद् सचिवालयमा सूचना दिएको जानकारी उनले जानकारी गराएका हुन् ।सभामुखले सदनमा ढाकाकुमार श्रेष्ठको स्थान रिक्त भएको जानकारी गराएसँगै अब अर्को समानुपातिक उम्मेदवार निर्वाचित गर्न रास्वपालाई बाटो खुलेको छ ।

मेडिकल व्यवसायी दुर्गा प्रसाईसँग २ करोड मागेको अडियो सार्वजनिक भएपछि रास्वपाले श्रेष्ठलाई गत चैत ३० गते पार्टीको साधारण सदस्यबाट निष्कासन गरेको थियो ।

# लुम्बिनीमा सरकार गठनका लागि आह्वान




**लुम्बिनी / मस–** लुम्बिनी प्रदेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुख अमिक शेरचनले आह्वान गरेका छन् ।

प्रदेश प्रमुख शेरचनले मंगलबार साँझ संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार गठनका लागि आह्वान गरेका हुन् ।

प्रदेश प्रमुखको कार्यालयद्वारा जारी गरिएको सूचनामा संविधानको धारा १६८ को उपधारा को २ बमोजिम दुईभन्दा बढी दलको समर्थनमा हस्ताक्षरसहितको स्पष्ट बहुमत देखिने आधारसहित प्रस्तुत गर्न प्रदेशसभाको सदस्यलाई मुख्यमन्त्रीमा नियुक्ति गरी सरकार गठन गर्न २०८० साल वैशाख १४ गते बिहीबार ४ बजेभित्र दाबी पेश गर्न आह्वान गरिएको छ । मुख्यमन्त्री लीला गिरीले सोमबार प्रदेशसभामा प्रस्ताव गरेको विश्वासको मत मत पाउन नसकेपछि नेकपा (एमाले) नेतृत्वको सरकार ढलेको हो । संविधानको धारा १८६ को उपधारा २ बमोजिम एमाले संसदीय दलका नेता मुख्यमन्त्री गिरी नेतृत्वमा गठित सरकारले सोमबार विश्वासको मत पाउन नसकी ढलेपछि प्रदेश प्रमुख शेरचनले पुनः उपधारा २ अनुसार सरकार गठन गर्न आह्वान गरेका हुन् ।

विज्ञप्तिमा २०७७ साल फागुन ११ गते सर्वोच्च अदालतबाट गरिएको संवैधानिक व्याख्याअनुसार दुई वा सोभन्दा बढी दलबाट सरकार गठन हुनसक्ने नयाँ समीकरण सिर्जना भएमा त्यस्तो सरकार बनाउन सक्ने विकल्प प्रतिनिधिसभाभित्र खोज्नुपर्ने धारा ७६ को समष्टिगत उद्देश्य मनसाय रहेको भन्ने नजीरलाई मध्यनजर राख्दै धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका सचिव प्रह्लाद पोखरेलले मंगलबार साँझ जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

यससँगै यसअघि ५३ जना प्रदेशसभा सदस्यले मुख्यमन्त्री बनाउन लुम्बिनी प्रदेश कांग्रेस दलका नेता डिल्ली चौधरीको नाममा हस्ताक्षर बुझाइसकेकाले उनी मुख्यमन्त्री बन्ने निश्चित भएको छ ।

## बजेटमा शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथमिकता दिन सुझाव

**काठमाडौं / मस–**नेपाली कांग्रेसका सांसदहरुले आगामी आर्थिक वर्षको बजेटमा शिक्षा, स्वास्थ्य, रोजगारी, पिछडिएका वर्ग, समुदाय र क्षेत्रलाई केन्द्रमा राखेर प्राथमिकता तोक्नुपर्ने सुझाव दिएका छन् ।

आगामी बजेटमा समेट्नुपर्ने विषयका बारेमा सुझाव लिन कांग्रेस संसदीय दलको मंगलबार बसेको बैठकमा उनीहरुले मुलुकको विषम आर्थिक परिस्थितिमा जनतामुखी बजेट ल्याउन अर्थमन्त्री एवं पार्टीका नेता डा. प्रकाशशरण महतलाई सुझाव दिएका थिए । सोमबार र मंगलबार भएको बैठकमा कतिपय सांसदले सांसद विकास कार्यक्रमलाई निरन्तरता दिनुपर्ने माग गरेका थिए ।

बैठकमा पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नागरिकका आवश्यकतालाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको बजेट तर्जुमा गनुपर्ने बताए । साथै उनले बजेटमा समेट्नुपर्ने विषयका बारेमा सुझाव दिन सांसदहरुलाई आग्रह गरेका थिए ।

बैठकमा अर्थमन्त्री डा. महतले विषम आर्थिक अवस्थालाई सम्बोधन गर्नेगरी आगामी आर्थिक वर्षको बजेट बनाइने जानकारी गराएको राष्ट्रियसभामा कांग्रेसकी प्रमुख सचेतक अनिता देवकोटाले जानकारी दिइन् । अर्थमन्त्री डा. महतले सांसदहरुले राखेका जिज्ञासाका बारेमा जवाफ दिँदै बजेटका लागि स्रोत र साधनको कमी रहेको र सोहीअनुसार तर्जुमा गरिने बताएका थिए ।

जनमुखी बजेट ल्याउने र रोजगार, शिक्षा, स्वास्थ्य, पूर्वाधार, उत्पादन वृद्धि र बजार विस्तारमा सहज हुने गरी बजेट तर्जुमा गरिने उनले प्रतिबद्धता व्यक्त गरेका थिए । बैठकमा यही वैशाख १० गते सम्पन्न उपनिर्वाचनपछिको परिणाम, समसामयिक राजनीतिलगायत विषयमा समेत सांसदहरुले आफ्ना धारणा राखेका थिए ।

### रविको...

चार सय ८० मतसहित विजयी हुँदा कांग्रेसका गोविन्द भट्टराई २० हजार एक सय २२ मत र एमालेका सर्वेन्द्र खनालले ८ हजार चार सय ८८ मत मात्रै पाए ।

जबकी किनकी मंसिर ४ को निर्वाचनमा कांग्रेसका रामचन्द्र पौडेल हालकै गठबन्धनको समर्थनमा २५ हजार तीन सय ६१ मतसहित विजयी भएका थिए । यसपटक कांग्रेसले ५ हजार दुई ३९ मत गुमाएको छ ।

उक्त क्षेत्रमा एमालेका एकबहादुर राना मगरले १९ हजार नौ सय ८१ मत पाएका थिए । तर, यसपटक सर्वेन्द्र खनालले आठ हजार चार सय ८८ मत मात्रै पाए । एमालेले यसपटक ११ हजार चार सय ९३ मत गुमाएको छ ।

### व्यवसायीले...

टिकटको निर्णय कसरी आयो ? हाल रोजगारदाताले सेवा शुल्क नदिएको खण्डमा कामदारबाट दश हजारमात्रै सेवा शुल्क लिने भनेका छौं, तर कति रकम उठेको छ ? वैदेशिक रोजगारमा जाने कामदारले कति रकम तिरेका छन् ? सरकारले त्यसबापत कति कर उठाएको छ ? त्यसले यो क्षेत्र कति बदनाम भयो ? यस विषयमा मैले सबैको सुझाव लिइरहेको छु । तपाईंहरू पनि उचित सुझाव दिनुहोस् ।'

यसअघि मन्त्रालयका सचिव एकनारायण अर्यालले सेवा शुल्क परिमार्जन गर्न व्यवसायी इमान्दार नहुँदा मन्त्रालय सुधारका लागि हिचकिचाइ रहेको सार्वजनिकरूपमा टिप्पणी गरेका थिए ।

मंगलबारको अन्तरक्रियामा मन्त्री भण्डारीले पनि सचिव अर्यालले जस्तै व्यवसायीप्रति आशंका गरे । तर उनले हाल व्यवसायीले उठाउने दश हजार रूपैयाँ अव्यवहारिक भएकोमा आफू जानकार रहेको बताए ।

विगत ८ वर्षदेखि सेवा शुल्क परिमार्जनको माग गर्दै आएका वैदेशिक रोजगार व्यवसायीहरूले भारत, बंगलादेश, फिलिपिन्स वा भियतनामलगायतका कामदार पठाउने देशहरूको अनुभवको आधारमा कामदारको एक महिनाको तलब बराबरको सेवा शुल्क लिन पाउनुपर्ने माग गरिरहेका छन् ।

मन्त्री भण्डारीले एक महिनाको तलब बराबर रकम सेवा शुल्क वैधानिकरूपमा लिन पाए व्यवसायी राम्रो तलब पाउने डिमाण्ड खोज्न उत्प्रेरित हुने र त्यसले हाल खाडी र मलेसियामा अदक्ष कामदार पठाउने बाध्यता हटेर गुणात्मक परिवर्तन ल्याई नेपालको वैदेशिक रोजगार क्षेत्रको परिभाषा नै बदल्न सक्ने सम्भावना रहेको उल्लेख गरे ।

मन्त्री भण्डारीले सेवा शुल्क पूर्णत बैंकिङ च्यानलबाट मात्रै लिन पाउने बाध्यकारी व्यवस्था गर्न मंगलबार नै आफूले निजी बैंकरहरूसँग मन्त्रालयमा छलफल गरेको जानकारी दिए । बैंकिङ च्यानलबाट कारोबार गर्दा अनधिकृत एजेन्टहरूको हालको चलखेल र अस्वभाविक लेनदेन बन्द गर्न सकिने विषयमा पनि अध्ययन भइरहेको मन्त्री भण्डारीले बताए ।

उनले भने, 'वैदेशिक रोजगार विभागले दिने सेवालाई स्थानीय तहसम्म पुऱ्याउने र कामदारले त्यहीँबाट रोजगारका लागि आवेदन दिने तथा बैंकिङ प्रणालीबाट सेवा शुल्क तिर्ने व्यवस्थाको शुरूवात गरियो भने वैदेशिक रोजगारको प्रणालीमा म्यानपावर कम्पनी, रोजगारदाता र कामदार मात्रै हुनेछन्, त्यसपछि अपेक्षित सुधार आउने छ ।' मन्त्री भण्डारीले वैदेशिक रोजगारमा जाने कामदारबाट अस्वभाविकरूपमा रकम उठाउने म्यानपावर कम्पनीलाई कारबाही गर्ने अधिकार वैदेशिक रोजगार विभाग र मन्त्रालयलाई रहेको भएपनि उचित बजार प्रवर्द्धन तथा खर्च लिन पाउने व्यवस्था नभएसम्म कारबाहीले मात्रै वैदेशिक रोजगार व्यवसायीलाई अनुशासनमा बाँध्न नसकिने उल्लेख गरे । उनले भने, 'नियन्त्रण गरेर मात्रै हुँदैन, मन्त्रालय फेसिलेटर अर्थात् सहजकर्ता पनि हो, उचित सेवा शुल्क कति हो त्यो तोकौं, त्यसपछि पनि व्यवसायीबाट अनुचितरूपमा थप रकम उठाइयो भने कारबाहीको विषय न्यायोचित हुनेछ । अहिलेकै अवस्थामा कारबाहीको सोच राखेर मात्रै हुँदैन ।'

मन्त्री भण्डारीले नेपाली कामदारको सीप विकास गरेर खाडी र मलेसिया केन्द्रित वैदेशिक रोजगारलाई मानव अधिकारका दृष्टिकोणले राम्रा मुलुकमा रूपान्तरण गर्दै नेपालले दौत्य सम्बन्ध कायम गरेका सबै मुलुकमा नेपाली कामदार जान पाउने व्यवस्था गर्ने योजना रहेको पनि बताए ।

श्रम सम्झौत द्विपक्षीय मामिला भएकाले नेपालको एकपक्षीय चाहनाले मात्रै नहुने अवस्था रहेको बताए । विदेशमा अवैधानिक भएर बसेका नेपाली कामदार बँधुवा मजदुर सरहको अवस्थामा रहेको देखिएको भन्दै मन्त्री भण्डारीले उनीहरूलाई स्वदेश फर्काउन एक पटकलाई आममाफीका लागि कुटनैतिक पहलका लागि विशेष जोड दिने पनि बताए ।

### रोकिएन...

६ वर्षमा राज्यकोषबाट ५ करोड लिइसकेका छन् । विभिन्न देशमा उपचारका लागि पुगेका उनले नियमविपरित नै उपचार खर्च लिदैं आएका छन् । 'विदेशबाट ऋण लिएर देश चलिरहेको छ, यस्तो अवस्थामा पूर्वविशिष्टलाई प्रशस्त सुविधा दिनु भनेको लुटतन्त्र हो, न्यूनतम सुरक्षाबाहेक अन्य सुविधा आवश्यक छैन, गरिब देशले कति नेतालाई पाल्ने ?' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले देशका भीभीआइपी कक्षमा कोही नजानुले नेपालमा राम्रो उपचार नहुने सन्देश गएको दाबी समेत गरेका छन् ।

#### सुनसान भीआइपी कक्ष

सरकारले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख लगायतका विशिष्ट व्यक्तिलाई विदेशमा उपचारका लागि करोडौं रकम खर्च गरिरहँदा वीर अस्पतालको भीआईपी कक्ष भने वर्षोदेखि सुनसान छ । पछिल्लो १६ वषदेखि राज्यका कुनै पनि भीभीआईपी वीरमा उपचारका लागि गएका छैनन् । बरु, भीभीआईपी उपचार कक्षलाई थप सुविधा सम्पन्न गराउन केही वर्षअघि २८ करोड हाराहारी खर्च गरिएको थियो । तर, डाक्टर देखि सफाइकर्मीको समेत सुविधा रहेको उक्त अस्पतालमा कोही विशिष्ट व्यक्ति पुगेका छैनन् । बरु, उपचारका लागि कोही नआएर धुलैधुलो लागेको उक्त कक्ष विरामी आउँछन् कि भनेर कुर्ने थलो मात्रै बनेको छ । सोही प्रवृत्तिको अन्त्य गर्न पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले केही समयअघि विदेश जान खर्चले नेपालमै उपकरण किन्नुपर्ने बताएका थिए । साथै जनस्वास्थ्य विधेयकले भीभीआईपीको उपचारका करोडौं खर्च नब्योहार्ने व्यवस्था गरेपनि सो कानूनको उल्लंघन गरि विदेशमा उपचार गरिरहेका छन् ।

देशको भीआइपी कक्षमा धुलो लाग्दा समेत कोही उपचारका लागि नजानु देशकै स्वास्थ्य क्षेत्रको अपमान भएको भन्दै विशिष्ट व्यक्तिको आलोचना चुलिदैं गएको छ । तरपनि, उनीहरु देशको स्वास्थ्य पद्धतिलाई सुधारेर स्वदेशमै उपचार गर्नुको सट्टा राज्यकोषको चरम दुरुपयोग गरिरहेका छन् ।

# 'फ्लाई दुबई'को जहाजमा चरा ठोक्किएको पुष्टि भएको छैन : पर्यटनमन्त्री




**काठमाडौं / मस–**संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले प्राविधिक समस्या देखिएको 'फ्लाई दुबई'को जहाजमा चरा ठोक्किएको भन्ने कुरा अहिलेसम्म पुष्टि नभएको बताएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सोमबार राति उडेलगत्तै फ्लाई दुबईको जहाजबाट ठूलो आवाजसहित आगोको झिल्का देखिएको थियो । पर्यटनमन्त्री किरातीले भने, 'जहाजमा चरा ठोक्किएको कुरा अहिलेसम्म प्रमाणित नभएको सबैमा स्पष्ट गर्दछु ।'

विमानचालकले फ्लाई दुबईको जहाज धादिङको धार्केमाथिको आकाशमा केहीबेर फन्को लगाइ 'होल्ड' गरेर विमानको सबै इन्डिकेटरको चेकजाँच गरेपछि थप समस्या नदेखिएकाले उडानलाई निरन्तरता दिने निर्णय लिएका थिए । विमानस्थलको टावरका एटिसीले पनि उक्त जहाजलाई गन्तव्यतर्फ उड्न अनुमति दिएका थिए । प्राविधिक समस्या देखिएको उक्त जहाज दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा सकुशल अवतरण गरेको फ्लाई दुबईले जनाएको छ ।

यसैबीच, नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले सोमबार राति काठमाडौंबाट दुबईका लागि उडेको फ्लाई दुबईको जहाजमा चरा ठोक्किएको विषय पुष्टि हुन नसकेको जनाएको छ ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जहाजमा चरा ठोक्किएको अहिलेसम्म पुष्टि नभएको बताए ।

उनले भने, 'विमानस्थलमा निरीक्षणका क्रममा यसको पुष्टि हुन सकेको छैन ।' यसअघि फ्लाई दुबईले जहाजमा सम्भावित रुपमा चरा ठोक्किएको हुन सक्ने भन्दै ट्विट गरेको थियो ।

'नेपालमा दर्ता नभएको जहाज भएकाले फ्लाई दुबईको जहाजको अध्ययन सम्बन्धित मुलुकले गर्नेछ । नेपालका तर्फबाट जानकारी गराइसकेका छौं, जहाजमा चरा ठोकिएको पुष्टि भएको छैन, के भएको हो भन्ने विषय अनुसन्धानका क्रममा पत्ता लाग्ला । सहजीकरणका लागि प्राधिकरण तयार छ', प्रवक्ता निरौलाले भने ।

विमानस्थलको धावनमार्ग र आसपास निरीक्षण गर्दा चरा नभेटिएकाले घटना के कारणले भएको हो भन्ने अहिले पुष्टि गर्न नसकिने उनको भनाइ छ । प्राधिकरणका अनुसार एफजेड ५७६ जहाजको पाइलटले असामान्य अवस्थाबारे विमानस्थललाई जानकारी गराएका थिए ।

## नेपाल प्रमुख र स्टेशन म्यानेजरको पास रोक्का

नेपाल उड्डयन प्राधिकरणले फ्लाई दुबईको जहाजको इन्जिनमा भएको आगलागीको घटनामा चरा ठोक्किएको भनी भ्रमपूर्ण सूचना फैलाएको भन्दै नेपाल प्रमुख र स्टेशन म्यानेजरलाई विमानस्थल प्रवेशमा रोक लगाएको छ ।

प्राधिकरणले प्रमाणबिना दुबईबाट गलत सूचना फैलाउने दुवै जनाको पास तत्कालका लागि रोक्का गरेको हो । प्राधिकरण सहायक प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार नयाँ निर्णय नभएसम्मका लागि उहाँहरूलाई विमानस्थल प्रवेशमा रोक लगाइएको छ । प्राधिकरणद्वारा मंगलबार जारी विज्ञप्तिमा भनिएको छ, 'प्राधिकरणको आधिकारिक निष्कर्ष बीना सो वायुसेवाको अफिसियल पेजमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'बर्ड स्ट्रिक'को कारणले गर्दा सो घटना भएको विवरण सार्वजनिक भएकोमा फ्लाई दुबई एयरलाइन्सको काठमाडौंस्थित कन्ट्री म्यानेजर विनोद अब्रहम र एयरपोट म्यानेजर नर नारायण पकवानको विमानस्थल प्रवेश पास रोक्का गरिएको छ ।'


## जो जससँग सम्बन्ध राख्दछ





उदयपुर जिल्ला त्रियुगा गाउँ देउरी वडा नम्बर ५ बस्ने भारतीय आर्मी नम्बर JE613|39f दर्जा Sub पल्टन 3|8GR को श्री अटल सिंहको नाती श्री नैन बहादुर मगरको छोरा भारतीय सैनिक श्री Hari Bahadur Thapa को एक मात्र श्रीमती जिल्ला उदयपुर गाउँ ताल्छि वडा नम्बर ६ बस्ने भिम बहादुर मगरको नातीनी श्री पृथ्वी बहादुर मगरको छोरी भुपी कुमारी थापामगरको नाम श्रीमानको भारतीय दस्तावेजमा श्रीमती भुपीकुमारी लेखिएकोले अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती भुपी कुमारी थापामगर कायम गर्नका निम्ति सर्वसाधरणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## तु–आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटा (CV) सहित यथासिघ्र सम्पर्क गर्नुहोला ।

Documentation Officer -2 (Male/Female)
PRO -3 (Male/Female)
Receptionist -2 (Female)

SALARY Negotiable

योग्यता: PRO को लागि सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित काममा २ देखि ३ बर्ष अनुभवीलाई विशेष प्राथमिकता दिनइनेछ । Receptionist को लागि +2 Pass का साथै अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न सक्नुपर्नेछ ।

9841449563

(डि.के. रिभर ओभरसिज प्रा.लि.)
DK River Overseas (P.) Ltd.
(Govt.Lic. No. 1102/073/074
Tokha-9, Gongabu, Kathmandu, Nepal
Tel: 4980932 | 4982214 | 4955132
Mob: 9851219532 | 9841449563, Email: dkriverhr@gmail.com



## मलेसियामा रोजगारको अवसर

कम्पनी : FULL TECH METAL SDN. BHD.
शहर : JOHOR
पूर्व स्वीकृत मितिः २०८०/०१/१२ चलानी नं.: ६०२००७०५ L.T. No.: 285250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Govt. Lic. No. 865/066/067
RHYTHM OVERSEAS PVT. LTD.
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com



## UAE मा रोजगार

१. कम्पनी: SWAB CLEAN GENERAL CLEANING - SOLE PROPRITORSHIP L.L.C.
शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/१०/०६ चलानी नं.: ६०१९५३५० LT. No.:279821 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 16 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



## मलेसियामा रोजगार

कम्पनी : JH FOOD DELIGHTS SDN. BHD
शहर: FASA MAHSURI
पुर्व स्वीकृत मितिः २०७९/०८/२३ चलानी नं.: ६०१९३०८९ LT. No.:. 276908 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Servise | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १३८३/०७४/०७५
WIN RECRUITMENT PVT.LTD
Samakhusi, Kathmandu, Nepal, Tel.: 01-4965386,
Mobile No.: 9801112250/9801112262/9801112267



## KUWAIT मा रोजगार

१. कम्पनी : COSMO CENTER GOLDEN CENTRAL MARKET FOR NON-FOOD STUFF LLC
पूर्व स्वीकृत मितिः २०८०/०१/१२ चलानी नं.: ६०२००७१० L.T. No.: 285296

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 5 | सम्बन्धित काममा दक्ष | 140 | ५५,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Muts Sales | 0 | 5 | | 140 | ५५,७५५ | | | | | | | |
| 3. | Sweets Sales | 10 | 5 | | 140 | ५५,७५५ | | | | | | | |
| 4. | Warehouse Worker | 10 | 0 | | 90 | ३८,४१७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोगंबु, काठमाडौं, फोन : ४४२२२७६, ४४२२२८६

# चुनौतीपूर्ण बन्दै औलो निवारण



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ वैशाख

नेपालमा औलो निवारण चुनौतीपूर्ण बन्दै गएको छ । आजभोली उच्च पहाडी तथा हिमाली जिल्लाहरुमा समेत औलोका बिरामीहरु देखिन थालेका छन् ।

सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा स्थानीय औलाका बिरामी भेटिने क्रम रोकिएको छैन । यी प्रदेशका विभिन्न १४ वडा औलोको उच्च जोखिममा रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको अध्ययनले देखाएको छ ।

उक्त प्रदेशका उच्च पहाडी र हिमाली जिल्लामा सङ्क्रमण देखिनु औलो निवारणका मुख्य चुनौती भएको एनटिडी तथा कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा.गोकर्ण दाहालले बताए । नेपालले औलो रणनीतिक योजना (सन् २०१४-२५) अनुसार सन् २०२२ मै स्थानीय औलोलाई शून्यमा झार्ने लक्ष्य लिएको छ ।

स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा ११ सय ८७ बिरामीमध्ये पाँच सय ५७ जना स्थानीय औलोका बिरामी थिए । यो संख्या आव २०७८/७९ सम्म आइपुग्दा ३८ जनामा झरेको छ ।

यस आव २०७९/८० को वैशाख ५ गतेसम्म तीन सय ७३ औलोका बिरामीमध्ये २४ स्थानीय बिरामी रहेका छन् । यो संख्या गर्मीयाम र वर्षायामसँगै बढ्ने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक डा.शेरबहादुर पुनले बताए ।

औलोबारे स्वास्थ्यकर्मीको चासो कम हुनुसमेत चुनौती भएको डा.दाहालले बताए । उनका अनुसार स्वास्थ्यकर्मीमा औलो प्राथमिकतामा नपर्दा शंकास्पद औलोको परीक्षण कम हुने गरेको छ । यस्तै औलो रोग स्थानीय तहमा प्राथमिकतामा नपर्नु र आवश्यक स्रोतको अभाव चुनौतीका रुपमा खडा भएका छन् ।

यस्तै, औलो रोग निवारणमा आयातित औलो अर्को ठूलो चुनौती बनेको छ । सरकारले सन् २०२५ सम्म औलो निवारण गर्ने र मृत्यु शून्यमा झार्ने परिकल्पनामा आयातित औलो चुनौती बनेको हो । आयातित औलो सातै प्रदेशमा देखिएको छ । महाशाखाको तथ्यांक अनुसार आयातित औलोका बिरामीको संख्या आर्थिक वर्ष २०७४/७५ को कूल ११ सय ८७ बिरामीमध्ये आयातित छ सय ३०, आव २०७५/७६ मा एक हजार ६५ मध्ये छ सय २५, आव २०७६/७७ मा कूल छ सय १९ मध्ये पाँच सय १७ र आव २०७७/७८ मा चार सय ९१ मध्ये तीन सय ११ जना रहेका छन् ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंहले औलो निवारणको लक्ष्य हासिल गर्न विभाग पूर्ण तयार रहेको बताए ।

इपिडिमियोलोजीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० वैशाख ५ गतेसम्म तीन सय ७३ जना औलोका बिरामी भेटिएका छन् । जसमा २४ स्थानीय तथा तीन सय ४९ आयातित हुन् । आयातित औलोको सङ्ख्या उल्लेखयरुपमा खट्न नसक्नु अर्को चुनौती बनेको छ । डा दाहालले भारतसँगको खुल्ला सिमानाका कारण आयातित औलोको जोखिम यथावत छ । भारतको महाराष्ट्र, गुजरात, उत्तर प्रदेश र पश्चिम बंगालबाट धेरै औलो नेपाल भित्रिने गरेको छ । डा.दाहालले आयातित औलो निवारणका लागि सीमा नाका तथा समुदायमा शंकास्पद बिरामीको रक्त परीक्षण तथा सोबारे सचेतना बढाउनुपर्ने बताए ।

## पुन: बढ्यो कोरोना

कोरोना भाइरस सङ्क्रमण पुन: बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मंगलबार एक हजार पाँच सय ९१ जनामा गरिएको परीक्षणमा एक सय ३६ जनामा संक्रमण पुष्टि भएको छ ।

यस्तै सक्रिय संक्रमित तीन ९० जना पुगेका छन् । हिजो एक सय १३ जनामा संक्रमण फेला परेको थियो । मन्त्रालयका अनुसार संस्थागत आइसोलेसनमा २७ जना, सघन उप कक्ष (आइसियु)मा चार जना र भेन्टिलेटरमा एक जना उपचाररत रहेका छन् । यस्तै मंगलबार ६४ जना कोरोना उपचारपछि घर फर्किएका छन् । मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गइरहेकाले खोप लगाउन आग्रह गरेको छ । नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा परेको छ । शून्यमा झरेको संक्रमण नेपाल भारत खुला सीमानाका कारणले संक्रमित नेपाल प्रवेश गर्नाले फैलिएको हो ।

# एक महिनादेखि रिले अनसन जारी



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १२ वैशाख

रौतहट वृन्दावन नगरपालिका अगाडि एक महिना अगाडिदेखि शुरु भएको रिले अनसन अझै टुंगिएको छैन । सहज सूचनाका लागि शुरु भएको २४ घण्टे रिले अनसनको मंगलबारसम्म आइपुग्दा एक महिना ६ दिन पुगेको छ ।

अनसनकारीले माग गरे बमोजिमको १४ बुँदे सूचना उपलब्ध गराउन कार्यालयले कुनै पहल गरेका छैन ।

जनप्रतिनिधि तथा जनताहरुले मागेको सूचना दिन आलटाल गर्नुको साथै कार्यपालिका बैठकमा पनि नगर प्रमुख विनोद राउत कुर्मीले सन्तोषजनक जवाफ नदिएपछि रिले अनसन बसेको वडा नम्बर ४ का वडा अध्यक्ष श्याम प्रसाद यादवले बताए ।

वृन्दावन नगरपालिका कार्यालय अगाडि अनसन बसिरहेका जनप्रतिनिधिसँग आफुले भेटेर काम गर्ने वातावरण बनाई दिन अनुरोध गरेको प्रमुख प्रशासकीय अधिकृत ओम प्रसाद पाण्डेयले बताए । नगर प्रमुख पटेल तथा अनसनकारीबीच मिल्ने अवस्था नदेखेपछि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले दुबै पक्षलाई जनताको काममा सहजता प्रदान गर्न आग्रह गर्दै आएका छन् ।

यस अगाडि प्रमुख प्रशासकीय अधिकृत खिम बहादुर भुजेल उपर करोडौं भ्रष्टाचार गरेको तथा अनसनकारी लगायतका सरोकारवालासँग समन्वय नगरेको आरोप लागेपछि मन्त्रालयले अन्यत्र सरुवा गरेको थियो । प्रमुख प्रशासकीय अधिकृत पाण्डेय वृन्दावन आउने पक्कापक्की भएपछि अनसनकारी सूचना पाउछु भन्ने ढुक्क भएका थिए ।

पाण्डेय हाजिर भएकै दिन अनसनकारीलाई भेटेर सबै सूचना दिने प्रतिबद्धता समेत जनाएका थिए । तर सोमबारदेखि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले समेत कुरा फेर्न थालेका नेकपा एमालेका नेता प्रेमशंकर यादवले बताए ।

उनले रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र अगाडि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले भनेको कुरा पनि फेरेको बताए । नगरपालिकाका पूर्व नगर प्रमुख रामसिनेही यादवले नगरप्रमुख कुर्मीले करिब १० करोड भ्रष्टाचार गरेको आरोप लगाए ।

यता नगर प्रमुख कुर्मीले सूचना अधिकारीमार्फत सूचना लिएर पनि रिले अनसन जारी राखेकोमा दु:ख व्यक्त गर्दै विकास निर्माण तथा नदीजन्य वस्तुको राजश्व संकलन हुने समयमा रिले अनसन गरेर विपक्षीले दु:ख दिएको बताए । चैत्र ७ गते देखि वृन्दावन नगरपालिका वडा नम्बर २,३,४ र ५ का गरी ४ जना वडा अध्यक्ष र नगर प्रमुख पदका तीन जना उम्मेदवार रिले अनसन बसिरहेका छन् ।

# प्राकृतिक ग्यासको थप अध्ययन गर्न छलफल



**काठमाडौं/मस-** नेपाल-भारत पेट्रोलिमय तथा ग्याससम्बन्धी संयुक्त कार्य समूहको चौथो बैठक सम्पन्न भएको छ ।

मंगलबार काठमाडौंमा भएको बैठकमा नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव राधिका अर्याल तथा भारतका तर्फबाट पेट्रोलियम तथा ग्यास मन्त्रालयका सहसचिव इसा श्रीवास्तवले नेतृत्व गरेकी थिइन् ।

बैठकमा पेट्रोलियम पदार्थको क्षेत्रमा पूर्वाधार विकास, प्राकृतिक ग्यासको क्षेत्रमा थप अध्ययन गर्नेलगायत विषयमा छलफल भएको मन्त्रालयका सहायक प्रवक्ता उर्मिला केसीले जानकारी दिइन् ।

यसैबीच, आपूर्तिमन्त्री रमेश रिजालसँग भारतको पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिव नेतृत्वको टोलीले भेटवार्ता गरेको छ । भेटवार्तामा संयुक्त कार्यसमूहको बैठकमा छलफल भएका विषयका सम्बन्धमा कुराकानी भएको थियो ।

# निमित्तको भरमा तीन पालिका



**नविन अंकुर/मध्यान्ह**
मनाङ, १२ वैशाख

मनाङको चार पालिकामध्ये तीन पालिका निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा सञ्चालन भइरहेका छन् । दुई पालिकामा करिब दुई वर्षदेखि निमित्तको भरमा नै सेवा प्रवाह भइरहेको छ ।

मनाङको विकट क्षेत्र नार्पाभूमि गाउँपालिका र ङिस्याङ गाउँपालिका लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन छ । करिब दुई वर्षअघि यस पालिकाका प्रमुख प्रशासकीय अधिकृत सरुवा भएसँगै निमित्तको भरमा चलिरहेको हो ।

नार्पाभूमि प्रशासकीय अधिकृत उमेश पाखिनको भरमा सेवा प्रवाह भइरहेको गाउँपालिकाले जनाएको छ । नार्पाभूमिका अध्यक्ष कोन्जो तेन्जिङ लामाले विकट क्षेत्र भएर कर्मचारी आउन नमान्दा हालसम्म प्रमुख प्रशासकीय अधिकृत आइनपुगेको बताए ।

विकट क्षेत्रमा कर्मचारी आउन पनि सकस भएपछि जनताको सेवा कसरी गर्ने भन्ने छुट्टै समस्या सिर्जना हुने गरेको उनले बताए ।

सम्बन्धित निकायले दुर्गम होस् वा सुगम सबै स्थानमा रिक्त रहेको कर्मचारी पूर्ति गरिदिए सेवाग्राहीलाई सेवा दिन सहज हुने उनको भनाइ छ । सहज नभएको स्थानमा नै कर्मचारी आइनपुग्दा विकट क्षेत्रमा सेवा प्रवाहमा पनि समस्या हुने गरेको उनले बताए ।

कर्मचारी अभावले गर्दा चुनावमा गरिएका प्रतिबद्धता र लामो दूरीबाट पैदल हिँडेर सेवा लिन आउने सेवाग्राहीलाई कहिलेकहीँ फर्काउनुपर्दा आफैँलाई दु:ख लाग्ने गरेको उनले बताए ।

त्यस्तै ङिस्याङ गाउँपालिका पनि प्रमुख प्रशासकीय अधिकृतविहीन अवस्थामा नै सञ्चालन भएको लामो समय भइसकेको अध्यक्ष कान्छा घलेले बताए । त्यसैगरी सदरमुकामकै पालिका चामे गाउँपालिका पनि केही महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ । पालिकाको कार्यकारी सरुवा भएपछि हालसम्म कोही पनि आइनपुगेको गाउँपालिकाका अध्यक्ष लोकन्द्रबहादुर घलेले बताए । आर्थिक वर्षको चौमासिक चलेको समयमा कार्यकारी नहुँदा सेवा प्रवाहमा अझ बढी समस्या भएको उनले बताए ।

# भ्रष्टाचार मुद्दामा सफाइ




**काठमाडौं/मस-** गोरखापत्रका तत्कालीन महाप्रबन्धकहरू सुशील कोइराला र बसन्तप्रकाश उपाध्यायसहित चार जनालाई विशेष अदालतले भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ ।

न्यायाधीशद्वय श्रीकान्त पौडेल र बलभद्र बास्तोलाको इजलासले मंगलबार उनीहरूलाई रकम हिनामिना गरेको अभियोगमा सफाइ दिएको हो । उनीहरूविरुद्ध गोरखापत्र संस्थानको कागज खरिदमा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो ।

महाप्रबन्धकसहित संस्थानका अर्थ निर्देशक रामसुन्दर चौधरी र कागज आपूर्ति गर्ने प्रिन्टसेल इमेजिङका सञ्चालक दिपक भन्सालीविरुद्ध पनि मुद्दा दायर भएको थियो । मंगलबार विशेष अदालतले चारै जनालाई पूर्ण सफाइ दिएको छ ।


**KAWASOTI MUNICIPALITY**
OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

**Invitation for Bids**

First Date of Publication: 2080/01/13

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the following construction works under Sealed Quotation (SQ).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 23/KM/SQ/079/80 | Ramailo Tole Bato Pitch Ward No-9 Ra Haat Bazar Jane Jilla Prahari Karyalayako Jaggako Uttar Tarfa Ko Bato Kalo Patre Ward No-2 | 1653802.78 | 2080/01/28 BS) Upto 12Hr | 75 days | 50000.00 | 1000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**



**UAE मा वैदेशिक रोजगार | कम्पनी : WalShinn Hospitality Services EST**

पूर्व स्वीकृत मितिः २०२२/११/१३ चलानी नं.: ६०१९१०९९ L.T. No.: 274949 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 74 | सम्बन्धित काममा दक्ष | 900 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Event Planner | 0 | 20 | | 1200 | ४२,६०० | | | | | | |
| 3. | Follow Up Clerk | 0 | 20 | | 1200 | ४२,६०० | | | | | | |
| 4. | Waiter | 0 | 70 | | 1000 | ३५,५०० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SOE
श्रम इजाजत नं. ४९७/०६१/०६२

**सुभम ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.**
मित्रनगर, काठमाडौं, नेपाल । फोन: ४२१६००४३
मो.: ९८५१०७३२२०, ९८१३४६२९३८, ९८१८४२५१११, ९८६७८३५६८१, ९८१४४७०३२९



**मलेशियामा रोजगार GROUP FORCE SDN. BHD., MALAYSIA** पून: बिज्ञापन
पुर्व स्विकृति मितिः 2079/08/18 चलानी नं. ६०१९२६८८ LT No. 277076

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 1500 | 44218 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८० बैशाख २० गते (3 May 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नामामा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Balaju-16, kathmandu, LIC.NO. 424/060/061,
Phone: 01-4958728, 9849300184, 9826135109, email: ipnepal3@gmail.com





मध्यान्ह
www.madhyanhadaily.com
१३ वैशाख २०८०, बुधबार
26 April 2023, Wednesday

सम्पादकीय

## प्रदेशबाट खुलेको बाटो

**लुम्बिनी प्रदेशमा संविधानको धारा १६८ (२) बमोजिम सरकार गठनका लागि आह्वान भएको छ । नेकपा एमाले नेतृत्वको सरकारले विश्वासको मत गुमाएपछि प्रदेश प्रमुखले संयुक्त सरकार गठन गर्न यो धारा उपयोग गरेको हो । लुम्बिनीमा जस्तै अभ्यास गण्डकीमा पनि भएको छ । यहाँ पनि एमालेको सरकारले विश्वासको मत गुमाएकाले अर्को सरकार गठनको आह्वान भएको हो । लुम्बिनी र गण्डकी दुवै प्रदेशमा संयुक्त सरकार थियो । संविधानको धारा १६८ (२) बमोजिमको सरकारले विश्वासको मत गुमाएकाले अर्को सरकार गठन कसरी हुने भन्ने अलमल थियो । किनकि २०७२ मा संविधान बनेपछि सरकार निर्माणबारे यस्तो अभ्यास हुन सकेको थिएन । त्यसैले यसपटक हुने अभ्यास आगामी सरकार गठनमा पनि नजीर बनेको छ ।**

**हुनत नयाँ संविधानअनुसार संसदले एक कार्यकाल पुरा गरिसकेको छ । तर २०७४ को चुनावपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले संघमा धारा ७६ (१) र प्रदेशमा १६८ (१) बमोजिम सरकार बनेको थियो । शुरूमा संयुक्त सरकार बनेपनि नेकपा एमाले र माओवादी केन्द्रले एकता गरेपछि स्वत: एकल सरकारमा रूपान्तरण भएको मानिएको थियो । तर संयुक्त सरकार ढलेपछि अर्को सरकार कसरी बन्ने भन्ने अभ्यास कतैपनि हुन पाएन । संविधानले भने एकल सरकार, संयुक्त सरकार, सवैभन्दा ठूलो दलको सरकार र कुनै सांसदले पाउने विश्वासको आधारमा सरकार बन्ने व्यवस्था गरेको छ । तर संयुक्त सरकार ढलेपछि फेरि सोही बमोजिम प्रक्रिया अगाडि बढ्ने वा सवैभन्दा ठूलो दललाई सरकार गठनको अवसर दिने भन्ने प्रष्ट थिएन ।**

**अत: लुम्बिनी र गण्डकीबाट संयुक्त सरकार ढलेपछि फेरि सोही धारा सक्रिय गराउने बाटो खुला भएको छ । तर कतिपटकसम्म यो धारा बमोजिम आह्वान गरिने हो भन्ने अझै प्रष्ट छैन । त्यो अर्को प्रष्ट हुन बाँकी विषय हो । तर संविधानले संसदबाट सरकार बन्ने अवस्था रहेसम्म संविधान विघटन हुन नसक्ने कल्पना गरेको व्याख्या सर्वोच्च अदालतले गरेको छ । त्यो व्याख्या अनुसार संविधानको धारा भन्दा पनि सरकार बन्ने कुरा प्राथमिकता हो । जस अनुसार लुम्बिनी र गण्डकीमा सरकार गठन प्रक्रिया अगाडि बढाइएको छ । यसले एक हदसम्म संविधानको व्याख्या भएको छ । आगामी दिनमा पनि त्यसैअनुसार अगाडि बढ्दा दल अनुकुल निर्णय गरिने भन्दा पनि संवैधानिक व्यवस्था बमोजिम अभ्यास हुने विश्वास गर्न सकिन्छ, गनिुपर्छ ।**

# राजनीतिमा 'नयाँ'को मूल्य

*शक्ति दर्शनका दृष्टिले सुस्पष्ट, राजनीतिका दृष्टिले दुविधामुक्त, आचरणका दृष्टिले उच्च संस्कारयुक्त हुनुपर्दछ । अन्यथा त्यस्तो शक्ति वा नेतृत्व नयाँ बोतलमा पुरानो रक्सीबाहेक अरू हुँदैन ।*

अग्रलेख



● मनहरि तिमिल्सिना

औद्योगिक क्रान्तिको प्रभावले युरोपभरि औद्योगिकीकरणको सुरूवात, दार्शनिक क्षेत्रमा नयाँ बहसको प्रारम्भ, लोकतान्त्रिक चेतनाको विस्तार र मजदुर आन्दोलन विकसित हुँदै थियो । मुख्यत: सन् १८३० को दशकपछि मजदुर आन्दोलनले संगठित स्वरूप लिँदै जाँदा आन्दोलन लक्ष्यमुखी बनाउन विचारधाराका क्षेत्रमा आधुनिक विचारले स्थान पाउँदै थियो । त्यही बिन्दुमा मार्क्स-एगेल्सको पहलमा सन् १८६४ मा मजदुरको पहिलो अन्तर्राष्ट्रिय गठन भएपश्चात् राज्यसत्ता र प्रणालीका सन्दर्भमा व्यवस्थित बहस देखापर्‍यो ।

अन्तर्राष्ट्रियमा कार्लमार्क्स, फ्रेडरिक एंगेल्स, कार्ल काउत्स्की, बाकुनिन, लासाललगायतका विलक्षण प्रतिभाका नेताहरू थिए । मार्क्स भन्थे, "पुँजीवादी राज्यको विकल्प समाजवादी राज्य व्यवस्था नै हो, यसका निम्ति विचार, राजनीति, संगठन र राज्यसत्तामा समाजवादीको योजनाबद्ध पहलकदमी र हस्तक्षेप आवश्यक पर्दछ ।" तर बाकुनिन मार्क्सको विचारसँग सहमत थिएनन् । क्रान्तिमार्फत पुँजीवादी राज्यसत्तामाथि विजय हासिल गरेपश्चात् परिवर्तित राज्यलाई स्वतन्त्र छोडिदिनुपर्ने बाकुनिनको विचार थियो । उनी भन्थे, "हामी स्वतन्त्रताका हिमायती हौँ, तसर्थ एउटा राज्यव्यवस्थाको विकल्पमा अर्को राज्यव्यवस्था स्थापित गर्नु स्वतन्त्रताको विपरीत हुन जान्छ ।"

मार्क्स बाकुनिनको विचारसँग सहमत भएनन्, उनले राज्यव्यवस्थालाई एउटा वर्गले अर्को वर्गमाथि शासन गर्ने औजारका रूपमा मात्र लिएनन्, त्यसका पक्षमा जीवनपर्यन्त पैरवीसमेत गरे । मार्क्सको विचार वर्गपक्षधरताका दृष्टिले पुँजीवादीका निम्ति मान्य थिएन, परन्तु क्रान्तिपश्चात् प्राप्त सत्तालाई बिना नियमन र नियन्त्रण स्वतन्त्र छोडिदिनुपर्ने मतमा संसारभरिका पुँजीवादी शक्तिहरूसमेत एकमत देखिन्छन्, यसका निम्ति उनीहरूले पुँजीवादी लोकतन्त्रको शासकीय अवधारणा प्रस्तुत र अभ्यास दुवै गरे । यसलाई आज हामी आधुनिक र लोकतान्त्रिक राज्य भन्ने गरेका छौँ ।

मार्क्स र बाकुनिनबीच चलेको बहस विश्वको राजनीतिक आन्दोलन र संघर्षमा सर्वत्र व्याप्त हुँदै मानव जाति आधुनिक युगको उत्कर्षतर्फ अग्रसर छ । स्थिर उत्पादन सम्बन्ध र गतिशील उत्पादक शक्तिबीचको संघर्षले संसारभरि कुनै न कुनै प्रकारका क्रान्ति, आन्दोलन र संघर्ष भएका छन्, ती संघर्षहरूले पुरानो राज्ययन्त्र भत्काएका छन्, तर त्यसको विकल्पमा त्यसभन्दा राम्रो, त्यसभन्दा उन्नत र त्यसभन्दा सुव्यवस्थित राज्य प्रणालीको जग बसालेका छन् । लोकतान्त्रिक आन्दोलनको इतिहासमा यो अकाट्य, इतिहाससिद्ध र नियमसङ्गत तथ्य हो ।

नेपालमा एकात्मक तथा सामन्ती व्यवस्थाका विरूद्धमा जनताले विभिन्न समयमा विभिन्न प्रकृतिका क्रान्ति, आन्दोलन, विद्रोह र संघर्ष गर्दै आएका छन् । ती सबै आन्दोलनले कहिले गुणात्मक तथा कहिले मात्रात्मकरूपमा राजनीतिक, सामाजिक परिवर्तन र रूपान्तरण गरेका छन् । तर, कुनै पनि आन्दोलन र त्यसबाट विकसित नेतृत्वले पुरानो व्यवस्थाको विकल्प अराजकता र स्वेच्छाचारिता छानेका छैनन् । वि.सं. २००७ को आन्दोलनले लोकतन्त्रको भ्रुण जन्मायो, २०३६-२०४६ को आन्दोलनले बहुदलीय लोकतन्त्रको जग बसाल्यो, महान् जनयुद्ध र २०६२-२०६३ को जनआन्दोलनले सामन्ती व्यवस्थाको अन्त्य र गणतन्त्रको जग बसाल्यो, २०७२ मा जारी नयाँ संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्‍यो । यी सबै क्रान्ति र आन्दोलनमा पुरानो विचारको विकल्प नयाँ विचार, पुरानो व्यवस्थाको विकल्प नयाँ व्यवस्था र पुरानो प्रणालीको विकल्प नयाँ प्रणाली छनोट गरिएको छ । यसर्थ, यी सबै परिघटनाले विज्ञानको नियम पछ्याउँछन्, समाज विकासको प्राकृतिक बाटो अवलम्बन गर्दछन् ।

तर, अहिले परिस्थिति फेरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको जग बसेको १५ वर्षपछि, नयाँ संविधान निर्माणको आठ वर्षपछि नेपाली राजनीतिमा नयाँ बहस प्रारम्भ भएको छ । त्यो बहस आलोचक छ, त्यसले भन्छ- पुराना नेताहरू जनताप्रति जवाफदेही भएनन्, पुराना पार्टीहरू बदलिएको परिस्थितिअनुसार चल्न सकेनन्, उनीहरूले अगाडि सारेका नीति, योजना र कार्यक्रमले राष्ट्रको समृद्धि र विकासको आकाङ्क्षा सम्बोधन गर्न सकेन । उनीहरूको तर्क छ-यसका निम्ति नयाँ विकल्प चाहिन्छ, नयाँ पार्टी र नेता चाहिन्छ । पुरानोको वपभित्र राष्ट्र निर्माणको व्यवस्थित गुरूयोजना चाहिन्छ, नयाँ गर्ने मार्गचित्र र सोहीअनुरूपको संकल्प चाहिन्छ । नयाँ मार्गचित्रअनुरूपको संगठन, शक्ति, कार्यशैली र चरित्र चाहिन्छ । हरेक मानिसको प्राकृतिक गुण नै हो- पुरानोको विकल्प र नयाँप्रति आकर्षण । तर, नयाँ आवरणमा नभई गुणमा भएमात्र त्यसले समाधान दिन्छ । नयाँमा दर्शन नयाँ चाहिन्छ, विचार नयाँ चाहिन्छ, मार्गचित्र नयाँ चाहिन्छ, संगठन



*पुराना पुरानै आवरणमा आउँदा सामाजिक स्वीकार्यता कमजोर हुन्छ, तसर्थ उनीहरू नयाँको आवरणमा बलियो जग बनाएर उभिन खोज्छन्, त्यसले जनतामा वास्तविक नयाँप्रति भ्रम सिर्जना गरिदिन्छ । प्रतिक्रान्तिको छद्मभेषमा उदाएका नयाँ अनुहारलाई अनुमोदन गरिदिन्छ ।*

र कार्यशैली नयाँ चाहिन्छ, क्षमता पनि नयाँ चाहिन्छ । कहिलेकाहीँ आवरण सुन्दर हुने वस्तुको गुण क्षयीकरण हुनसक्छ । विज्ञापन बजारमा गुणस्तरलाई होइन, आवरण र प्रचारमा जोड दिइन्छ, पुँजीवादी उत्पादकहरू उपभोग्य वस्तुको उत्पादनशील पुँजीमा जति जोड दिन्छन्, त्यसभन्दा बढ्ता विज्ञापन बजारलाई केन्द्रमा राख्छन् । पुँजीवादी माग र पूर्तिले मूल्य निर्धारण गर्ने दाबी गर्छन् तर, वास्तविकतामा बजारमा वस्तुको गुणस्तर र मूल्य उपभोक्ताले निर्धारण गर्दैन, विज्ञापन बजारले निर्धारण गर्दछ । हामीकहाँ आएका नयाँ दल त्यही विज्ञापन बजारको 'धुरीखाँबो'मा आफूलाई उभ्याइरहेका छन् ।

हो, नयाँ दलबाट आएका अनुहार प्राविधिक दक्षतायुक्त छन्, उनीहरू राष्ट्र निर्माणका लागि बलिया खम्बासमेत हुन सक्छन् । तर, राज्य सञ्चालनको प्रश्न एउटा विधाको प्राविधिक दक्षताले पूर्ण हुने कुरा होइन, यो विकसित ज्ञानका सम्पूर्ण शाखा-प्रशाखाको समुच्चय हो । यो दूरदृष्टि, बहुआयमिक सन्तुलन र हस्तक्षेपको परीक्षा पनि हो । त्यस्तो दल र नेतृत्व मात्र राजनीतिक आन्दोलनमा सफल हुन्छ, जसले विश्वराजनीति, आधुनिक एवम् लोकतान्त्रिक राज्यका विभिन्न मूल्य र त्यसबीचको भिन्नता, हाम्रो मौलिकता र विशिष्ट बाटो छनोट गर्न सक्छ । त्यस्तो शक्ति दर्शनका दृष्टिले सुस्पष्ट, राजनीतिका दृष्टिले दुविधामुक्त, आचरणका दृष्टिले उच्च संस्कारयुक्त हुनुपर्दछ । अन्यथा त्यस्तो शक्ति वा नेतृत्व नयाँ बोतलमा पुरानो रक्सीबाहेक अरू हुँदैन ।

आवरणमा नयाँ देखिएकाहरू गुणमा नयाँ हुन्छन् नै भन्ने निश्चितता हुँदैन । मानव जाति र राजनीतिक आन्दोलनको इतिहासमा यस्ता दृष्टान्तहरू छन्, जहाँ नयाँको आवरणमा पुराना मात्र नभएर इतिहासले रछ्यानमा मिल्काएका शक्तिसमेत आउँछन् । दोस्रो विश्व युद्धपूर्व हिटलरको उदय, हाम्रै इतिहासमा जङ्गबहादुरको उदय नयाँप्रति नागरिकको बढ्दो आकर्षणको पृष्ठभूमिमा उदाएका अति रूढीवादी एवम् फासीवादी शक्ति र शासक थिए । पुराना पुरानै आवरणमा आउँदा सामाजिक स्वीकार्यता कमजोर हुन्छ, तसर्थ उनीहरू नयाँको आवरणमा बलियो जग बनाएर उभिन खोज्छन्, त्यसले जनतामा वास्तविक नयाँप्रति भ्रम सिर्जना गरिदिन्छ । प्रतिक्रान्तिको छद्मभेषमा उदाएका नयाँ अनुहारलाई अनुमोदन गरिदिन्छ । त्यसैलाई इङ्गित गर्दै मार्क्स भन्छन्, "इतिहास दुईपटक दोहोरिन्छ, पहिलो क्रान्तिका रूपमा, दोस्रो प्रहसनका रूपमा ।" आज नेपाली राजनीतिमा जुन परिस्थिति र मनोविज्ञान देखिन खोज्दैछ, त्यो क्रान्ति होइन, प्रहसन हो ।

जनयुद्ध र जनआन्दोलनको रापताप, नागरिकमा परिवर्तनप्रतिको व्यग्र आकांक्षा, राजनीतिक शक्तिले नागरिकका बाँडेका महत्वाकांक्षी सपना र राज्यको साधनस्रोत, राज्यसामर्थ्य, परिवर्तनकारी शक्तिमा देखिएको विवाद एवम् विभाजन, 'डिजिटल एरा'को राजनीतिक एवम् सांस्कृतिक चेतको कमी, राष्ट्र र जनताप्रतिको जिम्मेवारी बोधको नागरिक परीक्षामा कमजोर नतिजा, भूराजनीतिक दबाबजस्ता कारणबीच देखिएको विरोधाभाषको गर्भबाट पुनरुत्थानवादी प्रवृत्तिले आफ्नो शक्ति फर्काउन नयाँको आवरण प्रस्तुत गरिरहेका छन्, जसबाट नागरिक दिग्भ्रमित छन् । उनीहरू आँखा चिम्लिएर 'गुलियो विष' सेवन गर्न लालयीत छन् ।

जसलाई आधुनिक र नयाँ भनिएको छ, तिनीहरू उमेरबाहेक अरू कुनै पनि मूल्यमा नयाँ देखिँदैनन् । उनीहरूका दस्तावेज हेर्‍यो दर्शन र लक्ष्य भेटिँदैन, घोषणापत्र हेर्‍यो राष्ट्र निर्माणको मार्गचित्र भेटिँदैन, संगठन हेर्‍यो कुनै प्रणाली भेटिँदैन, कार्यशैली हेर्‍यो कुनै नवीनता भेटिँदैन, आचरण हेर्‍यो कुनै आदर्श भेटिँदैन । जनताले राज्य सञ्चालनको बागडोर सुम्पिहालेमा सम्हाल्ने कुनै योजना पनि देखिँदैन । तर, यस्तो अराजक वा श्रृंखलाहीनतालाई विकल्प देख्ने हाम्रो मनोविज्ञानबारे हाम्रो बहस शून्यप्राय: देखिन्छ ।

संसारका सबै प्राणीमध्ये मान्छे सर्वश्रेष्ठ प्राणी हो भन्ने मान्छौँ भने राजनीतिक शक्ति र त्यसका समर्थकमा विनम्रता चाहिन्छ । आलोचना ग्रहण गर्नसक्ने सामर्थ्य चाहिन्छ । विरोध, आलोचना र सुझावभित्र आफ्नो भविष्य देख्नसक्ने चेत चाहिन्छ । राजनीतिक चिन्तन र दलका दृष्टिले फरक-फरक ठाउँमा छौँ भने हरेक दल र शक्तिमाथि आलोचना गर्ने नागरिक अधिकार छ भन्ने सामान्यज्ञान चाहिन्छ । बहस र आलोचना सुन्नै नचाहने, अन्तरक्रियामा सहभागी नै नहुने, सुझावहरू ग्रहण नै नगर्ने मनोवृत्तिले उन्नतिको होइन अवन्नतिको मार्गमा पुर्‍याउँछ । तर, नयाँ भन्नेहरू यो मनन गर्न त के, सुन्नसमेत तयार देखिँदैनन् । समाज सुधारक एवम् वामपन्थी नेता रूपचन्द्र विष्ट भन्थे- "इमान्दार त्यो हो, जो अवसर नपाउँदा होइन, अवसर पाउँदा इमान्दार रहन्छ ।" अवसर नपाउँदा जोसुकै पनि इमान्दार देखिन्छ, किनकि मनसाय गलत भए पनि त्यसका लागि वातावरण प्रतिकूल हुन्छ, इमान्दारका लागि हजार वातावरण हुन्छ, तर उ नैतिकतामा अडिन्छ, आदर्शको अनुशरण गर्छ । नयाँ भनिएकाहरू अवसर पाउँदा कति नैतिक वा कति अनैतिक छन् भन्ने तथ्यसमेत हाम्रा अगाडि छर्लङ्ग छ ।

राष्ट्र र जनताप्रति को-कति इमान्दार छ, को-कति सक्षम छ भन्ने तथ्य भाषण वा समर्थकहरूको दाबीबाट होइन, तथ्यबाट प्रमाणित हुनुपर्दछ । नयाँ भनेर आएकाहरूको कार्यसम्पादन सबैभन्दा कमजोर भएको तथ्यहरूले बोल्दैछन् । तर उनीहरू आफ्नो असक्षमता र धुमिल छविलाई अरूमाथि गाली र दोषारोपणबाट शोधभर्ना गर्न उद्धत छन् । तत्कालका दृष्टिले 'ब्ल्याकमेलिङ'बाट जनता झुक्याउन सकिएला । तर, भविष्यमा आशाको रक्तसञ्चार गर्न सकिँदैन । नेपालीमा एउटा उखान छ, 'तावाको माछो भुङ्ग्रोमा ।' परिवर्तनको आकांक्षा, दल र नेताप्रतिहरूको आक्रोशको विकल्प राम्रोभन्दा झन् नराम्रो छनोट गर्दा त्यो भुङ्ग्रो मात्रै हुन्छ । आज नयाँका नाममा मुलुक, व्यवस्था र प्रणालीका विरूद्ध जेजति प्रयत्नहरू अगाडि सारिएका छन्, तिनीहरू विकल्प होइनन्, समाधान त झन् हुँदै होइनन् । उनीहरू निर्माणको होइन, विनिर्माणको बाटो पछ्याइरहेछन् । तत्कालका दृष्टिले बलशाली जस्ता देखिए पनि उनीहरू उभिएको धरातल र राष्ट्र निर्माणको विरोधाभाष देखिन्छ । यो विनिर्माण हो, विकल्प होइन । तसर्थ, आउनुस्, अव्यवस्था र विनिर्माण होइन, निर्माणको भाष्यको पक्षमा पैरवी गरौँ ।

*(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुन् ।)*

### सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

ठूला दलको चुनावी समीक्षा सम्भवत यस्तो होला : हाम्रो दलको आफ्नै मत जोगाउन नसक्दा पराजय भयो ! गाँठी कुरा चाहिँ के भने यो 'दलको मत' भन्ने जिनिस दलको नरहेको, मतदाताको आफ्नै मतमा परिणत भएको यथार्थ यी ठूला भनिने दलले अझै पत्तो पाएका छैनन् ।



**- राधाकृष्ण कटवाल**

रवि र स्वर्णिमको जित जनताले दिएको परिणाम हो । उनीहरूले दिने परिणाम हेर्नै बाँकी छ । त्यसैले अहिले नै चन्द्रमामा नपुर्‍याऊ । अनि रवि र स्वर्णिमको जितमा झ्याली पिटे झैँ शिक्षा र स्वास्थ्य क्षेत्रको लुटको विषयमा, महँगीको विषयमा सबैले यसैगरी झ्याली पिटे कति राम्रो हुने थियो ।



**- नवराज पन्त**

अहिले जनताले ठूलै परिवर्तन खोजेका छन् । स्वर्णिम र रविको जितले दलगतभन्दा पनि मुलुकको आर्थिक छलाङ्ग खोजेको देखाउँछ । अब राजनीतिलाई व्यवसाय सोच्ने पुराना ठूलै करेक्सनमा जानैपर्छ । बर्चश्ववादी विद्यमान राजनीतिक शैली आफै बढारिन्छ । देशले नयाँ पुस्ता, नयाँ नीति, नयाँ आर्थिक छलाङ, नयाँ विकास खोजेको प्रष्ट छ ।



**- ओमकुमार थापा**

रवि लामिछानेको उदयले कांग्रेस र एमालेको पुरानो विरासतमा घण्टी बज्ने संकेत गरेको छ भने रास्वपाले सरकारलाई दिएको समर्थन फिर्ता लियो भने प्रचण्डको पनि घण्टी बज्ने निश्चित छ । यो अस्थिर संसदले देशका विकराल समस्याको समाधान नदिने भएकोले मध्यावधि निर्वाचन गरौँ, रविको पार्टीलाई सत्ता बुझाऔं ।

# दिशाविहीन कम्युनिष्ट आन्दोलन

विचार



● शम्भू पनेरू

*कम्युनिष्ट आन्दोलनले अहिलेको वास्तविकतालाई सम्बोधन गर्न सक्नुपर्छ । जबसम्म नयाँ पुस्तालाई आन्दोलनले समेट्न सक्दैन, तबसम्म आन्दोलनले गति लिन सक्दैन । तर, त्यस दिशातर्फ कम्युनिष्ट आन्दोलन उन्मुख नदेखिनु बिडम्बना हो ।*

नेपालको कम्युनिष्ट आन्दोलन निकै संकट उन्मूख देखिएको छ । एकातिर कम्युनिष्ट पार्टीहरु सैद्धान्तिकरुपले च्यूत हुँदै गएका छन् भने अर्कोतिर उनीहरुसँग तात्कालिन र दीर्घकालिन कुनै आन्दोलनका कार्यक्रम देखिन्न । यस्तोमा कम्युनिष्ट आन्दोलनबाट समाज रुपान्तरणको अपेक्षा गर्ने अवस्थासमेत छैन । जसको कारण कम्युनिष्ट आन्दोलनमा सहभागि ठूलो तप्कामा निराशा र विकल्पहिनताको अवस्था देखिएको छ भने आमजनतामा कम्युनिष्ट शक्तिप्रति विश्वास र भरोसा हराउँदै गएको देखिन्छ ।

संसदीय भासमा फसेका कम्युनिष्टहरु अनुहार नचिन्ने बनिसकेका छन् भने संसदबाहिर रहेका कम्युनिष्टहरु जडवादले परिवर्तनलाई आत्मसात गर्ने अवस्थामा छैनन् । उनीहरुलाई मार्क्स, एंगेल्स, लेनिन र माओले के गरे भन्ने थाहा छ, उनीहरु मार्क्स, लेनिन र माओका रणनीति र कार्यनीतिबारे चर्चा गर्दछन् तर, फेरिँदो समाज र राजनीतिबारे पुरै अनविज्ञ जस्तै छन् । आजको समाजमा जनताका चाहना के छन् ? जनताले कस्तो परिवर्तनको माग गरिरहेका छन् ? आगामी दशक समाजको संरचना कस्तो बन्दैछ ? जस्ता कुरामा उनीहरु पुरै कुनै चर्चा हुँदैन् । उनीहरु त्यसबारे न अध्ययन गर्छन्, न चर्चा गर्दछन् । जसको कारण कम्युनिष्ट नेतृत्व जनता र कार्यकर्तासँग अलग हुने अवस्थामा पुगेको छ ।

आज राजनीतिमा जुन खालको विचार शून्यताको अवस्था देखा परेको छ, यो कम्युनिष्टहरुले विचार र व्यवहारमा तादाम्यता नमिलाउँदाको परिणाम हो । आजको युवा कुनै सिद्धान्तका कुरा गर्न तयार छैन, निर्माण हुँदै गरेको नयाँ पुस्ताभित्र यस्ता विषयमा कुनै चाँसो देखिन्न । यस्तो सन्दर्भमा कम्युनिष्ट आन्दोलनले अहिलेको वास्तविकतालाई सम्बोधन गर्न सक्नुपर्छ । जबसम्म नयाँ पुस्तालाई आन्दोलनले समेट्न सक्दैन, तबसम्म आन्दोलनले गति लिन सक्दैन । तर, त्यस दिशातर्फ कम्युनिष्ट आन्दोलन उन्मुख नदेखिनु बिडम्बना हो ।


आज विचार शून्य नयाँ शक्तिहरुको विकास भइरहेको छ । विचार शून्य शक्तिले समाजमा अराजकताभन्दा बाहेक अरु केही ल्याउँदैन । विचार शून्य शक्तिसँग समाजलाई डोर्‍याउने न तात्कालिन कार्यक्रम हुन्छ, न दीर्घकालिन कार्यक्रम । यस्तोमा उनीहरुले समाजलाई थप बाटोबिहीन अवस्थामा पुर्‍याउन सक्दछन् । जसलाई रोक्न कम्युनिष्ट आन्दोलन सच्चिन आवश्यक छ ।

नेपालको कम्युनिष्ट आन्दोलनले नेपाली समाज त्यसको विकासक्रम, इतिहास, भूगोल, हरेक आन्दोलन र त्यसका उपलब्धिहरू र नेपाली जनताको स्थिति तथा संस्कृतिबारे अध्ययन, विश्लेषण र दृष्टिकोण बनाउन आवश्यक छ । संसद उपयोगका दृष्टिले निकै महत्वपूर्ण संरचना हो । तर, त्यसलाई कसरी भ्रष्ट हुन नदिने भन्नेतर्फ कम्युनिष्ट सचेत रहन आवश्यक छ ।

कम्युनिष्टहरु न्यूनतम समाजवादी संरचनाको वकालत गर्दछन् । तर, यस्तोमा गाँस, बास, कपास, शिक्षा र स्वास्थलाई राज्यले ग्यारेन्टी लिने गरी कार्यक्रम बनाउने वा नबनाउने ? सामान्य लोककल्याणकारी राज्यको अवधारणाअनुसार काम गर्ने वा नगर्ने ? आज नेपाली कम्युनिष्टहरुमा आचरण र व्यवहारगत कमजोरी देखिन्छ । उनीहरु नसच्चिएसम्म समस्या समाधान हुने अवस्था छैन । आज जनतामा जुन खालको असन्तुष्टि पैदा भइरहेको छ, त्यसको कारण कम्युनिष्ट नेतृत्वमा पलाएको व्यक्तिवादी सोंच नै हो । जसलाईसम्बोधन गर्नेतर्फ कार्यक्रम बनाउने वा नबनाउने भन्ने प्रश्न मुल हुन आउँछ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पारिवारिक कार्य सफल हुनेछन् । अनावश्यक जिम्मा लिनु हुँदैन । |
| वृष | : | लामो यात्रा हुनेछ । सबै कार्यमा सावधानी राख्नुहोला । |
| मिथुन | : | नयाँ काम बन्नेछ । राजनैतिक लाभ प्राप्त हुनेछ । |
| कर्कट | : | कार्यमा सफलता मिल्नेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |
| सिंह | : | सबै कार्यहरुमा धैर्य राख्नुहोला । अध्यात्मिक रुची बढ्नेछ । |
| कन्या | : | सावधानी राख्नुपर्छ । अर्कामाथि भरोसा नगर्नुहोला । |
| तुला | : | नयाँ कार्यमा प्रगति हुनेछ । धन आर्जन हुने योग छ । |
| वृश्चिक | : | आनन्दित रहने योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ । |
| धनु | : | नयाँ कार्यहरुमा सावधानी राख्नुपर्छ । शुभ समाचार प्राप्त हुनेछ । |
| मकर | : | धर्मपालनामा रुची देखिन्छ । आय बढ्नेछ । |
| कुम्भ | : | लामो यात्राको योग छ । नयाँ काम बन्नेछ । |
| मीन | : | आवश्यक वस्तु हराउन सक्छ । सबै कार्य धैर्यतासित गर्नुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नवप्रवर्तनको क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिने



**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नवप्रवर्तनको क्षेत्रलाई उच्च प्राथमिकता दिएर सरकारले काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

मंगलबार बिहान राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनको टोलीलाई प्रधानमन्त्री निवास बालुवाटार बोलाएर प्रधानमन्त्रीले विज्ञान र प्रविधिलाई महत्व दिएर मात्र विकास र समृद्धिलाई गुणात्मकता दिन सम्भव रहेकाले नवप्रवर्तनको क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिने बताए ।

भेटमा केन्द्रका अध्यक्ष पुनले 'यात्री' लगायत नेपालमै उत्पादित सवारीसाधनलाई सञ्चालन अनुमति प्रदान गर्न र नवप्रवर्तनको क्षेत्रमा लगानी वृद्धि गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । पुनले नेपालमा उत्पादित सवारीसाधन दर्ता गर्ने र प्रवर्द्धन गर्ने प्रयोजनका निम्ति सरकारले कानून ल्याउने तयारी गरेकामा धन्यवाद दिँदै कानून निर्माणको काम छिट्टै सम्पन्न गर्न प्रधानमन्त्री दाहाललाई आग्रह गरेका थिए ।

प्रधानमन्त्री दाहालले पुनले उठाएका विषयहरु राष्ट्रिय हित र समृद्धिको पक्षमा रहेको भन्दै नवप्रवर्तनलाई प्रोत्साहन गर्न सरकार प्रतिबद्ध रहेको बताए । प्रधानमन्त्री दाहालले विज्ञान-प्रविधिको विकास बिना देशको विकास सम्भव नहुनेमा आफू स्पष्ट रहेको भन्दै नेपालमा उत्पादित सवारी साधन दर्ता गर्ने र राष्ट्रिय उत्पादनलाई प्रवर्द्धन गर्ने कानूनको मस्यौदा तयार पार्ने प्रक्रिया अघि बढिसकेको बताए ।

# सडक विस्तारका क्रममा अत्यधिक धुलो, स्थानीयलाई सास्ती



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १२ वैशाख

नवलपरासीमा सडक निर्माणको क्रममा धुलोको मात्रा अत्यधिक हुँदा प्रदूषण बढेको छ । प्रतापपुर गाउँपालिका वडा नं.६ भन्सार चोकदेखि सुस्ता गाउँपालिका वडा नं ३ रेवारेता जोड्ने निर्माणाधीन सडकमा पानी नहाल्दा धुलोले स्थानीयको स्वास्थ्यमा असर परिरहेको छ ।

धुलोले विद्यार्थी, यात्रु र सडक वरिपरि बसोबास गर्ने बस्तीका मानिसहरुको जनजीवन प्रभावित भएको छ । निर्माणाधीन सडकमा उड्ने धुलो स्थानीयको आँगन, भान्छादेखि ओछ्यानसम्म पुग्ने गरेको सुस्ता गाउँपालिका वडा नं ३ का वडा सदस्य कन्हैया कुमार हरिजनले बताए ।

धुलोकै कारण स्थानीयमा घाँटी दुख्ने, रुघाखोकी र सास फेर्न गाह्रो हुने समस्या बढेको छ । अत्यधिक धुलोका कारण सडक दुर्घटनाको जोखिम पनि उत्तिकै बढेको छ ।

सडक निर्माणको लागि ३ वर्षको अवधिमा १० किलोमिटरको सडक फराकिलो गर्न सुलभ कन्ट्रक्सन कम्पनीले ठेक्का सम्झौता गरेपनि भिमेश्वर डिलिङ्ग तथा निर्माण सेवाले निर्माणको जिम्मा लिएको ठेकेदार सतिश हरिजनले बताए ।

ठेकेदार हरिजनलाई धुलो कम गर्न पानी किन हाल्नु हुन्न ? भन्ने मध्यान्हको प्रश्नमा उनले पानी ट्यांकर बिग्रिएका कारण पानी नहालिएको बताए । जिल्लाको दुई स्थानीय तह जोड्ने सडक भएपनि धुलोका कारण स्वास्थ्यमा परेको असरतर्फ भने कसैको ध्यान जान सकेको छैन ।

# उपत्यका प्रहरी र बूढानीलकण्ठ नगरपालिकाबीच सम्झौता

**काठमाडौं/मस–** काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र बूढानीलकण्ठ नगरपालिकाबीच नगर क्षेत्रभित्र सहरी सुव्यवस्थापनका लागि सिसीटिभी क्यामेरा जडान, सञ्चालन, मर्मतसम्भार र सूचनाको उपयोग गर्नेसम्बन्धी समझदारी-पत्रमा हस्ताक्षर भएको छ। मंगलबार बूढानीलकण्ठ नगरपालिकाको कार्यालयमा भएको कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीकातर्फबाट कार्यालय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवाली र बूढानीलकण्ठ नगरपालिकाको तर्फबाट नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले समझदारी-पत्रमा हस्ताक्षर गरेका हुन् । समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक ज्ञवालीले सिसीटिभी जडानले घटित अपराधको छिटो, छरितो अनुसन्धान गर्न, चोरी, लुटपाट, सवारी दुर्घटना, छुटेका सामानको पहिचानलगायत विभिन्न आपराधिक घटनाको सफल अनुसन्धान गर्न तथा प्रहरीले प्रवाह गर्ने सेवालाई थप प्रभावकारी बनाउन टेवा पुग्ने बताए ।

आगामी दिनमा शान्ति सुरक्षा, विकासका कार्यक्रम, अपराध नियन्त्रण र अनुसन्धानमा नगरपालिकासँग थप सहकार्य गर्दै जाने उनले बताए। सो कार्यक्रममा बूढानीलकण्ठ नगरपालिकाका प्रमुख अधिकारीले सिसीटिभी जडानले विभिन्न विकृतिका कार्यको पहिचान गर्न एवं नागरिकलाई थप सुरक्षाको प्रत्याभूति गराउन सहयोग पुग्ने बताए ।


## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

कम्प आक्ट प्रा.लि. (प्रा.लि.नं. ४११२२/०६३/०६४) को मिति २०७९ चैत १९ गते सम्पन्न विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरि कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोहि ऐनको दफा १३१ बमोजिम कार्य गर्न लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति पछि प्राप्त दाबी विरोध उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**दुर्ग प्रसाद खनाल (लिक्विडेटर)** प्रमाण पत्र नं.: ५१७
सम्पर्क नं. ९८५११२५६००, काठमाडौं, नेपाल ।



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०१/१३)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०१/२७

**बोलपत्र खोलिने मिति**
२०८०/०१/२८ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | धितो कर्जा | **१) ऋणीहरू : सन्तोष कार्की र राजन बाबु कार्की**<br>ठेगाना : गण्डकी ०७, गोरखा<br>**(क) सन्तोष कार्की**<br>(ना.प्र.नं. १४००७५, मिति २०६३/०६/२३ मा जि.प्र.का. गोरखाबाट जारी भएको)<br>बाबु : राजन बाबु कार्की<br>बाजे : मेघ बहादुर कार्की<br>**(ख) राजन बाबु कार्की**<br>(ना.प्र.नं. १७५६८, मिति २०४४/०९/१० मा जि.प्र.का. गोरखाबाट जारी भएको)<br>बाबु : मेघ बहादुर कार्की<br>बाजे : रत्न बहादुर कार्की<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. दिनेश कार्की**<br>(ना.प्र.नं. ४४४४१०१३/६२, मिति २०६८/०३/२९ मा जि.प्र.का. गोरखाबाट जारी भएको)<br>बाबु : राजन बाबु कार्की<br>बाजे : मेघ बहादुर कार्की<br>**२. गंगा कार्की**<br>(ना.प्र.नं. ९६०७८, मिति २०५९/०९/१८ मा जि.प्र.का. बर्दियाबाट जारी भएको)<br>पति : राजन बाबु कार्की<br>ससुरा : मेघ बहादुर कार्की | राजन बाबु कार्कीको नाममा गोरखा जिल्ला मालपोत कार्यालय गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, घ्यालचोक गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. २०६७ (५-०-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | अधिविकर्ष कर्जा | **२) ऋणी : आकृत बेकरी व्यवसाय**<br>प्रमाण पत्र नं. : २२२८<br>ठेगाना : देवचुली ०१, नवलपरासी<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. झरना गुरौ**<br>(ना.प्र.नं. ३६२००१३/६१६, मिति २०६७/०७/१० मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>पति : गोविन्द गुरौ<br>ससुरा : पृथ्वीराम गुरौ<br>**२. पुथ्वी राम गुरौ**<br>(ना.प्र.नं. १२/१४८, मिति २०४५/०२/१८ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>बाबु : मान सिंह गुरौ<br>बाजे : टिका गुरौ<br>**३. लाल कुमारी गुरौ**<br>(ना.प्र.नं. १२/१६, मिति २०४५/०२/१६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>पति : पृथ्वीराम गुरौ<br>ससुरा : मान सिंह गुरौ<br>**४. गोविन्द गुरौ**<br>(ना.प्र.नं. ३६३०१५/४८४, मिति २०६३/१०/१५ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>बाबु : पृथ्वीराम गुरौ<br>बाजे : मान सिंह गुरौ | पुथ्वी राम गुरौको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स./न.पा. वडा नं. ०२ (ख) स्थित कि.नं. ८९४ (०-१-० विगाहा) र कि.नं. १०२७ (०-०-१७$^{१/४}$ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | विविध कर्जा | **३) ऋणी : चन्द्रमा सुनचाँदी गहना पसल**<br>प्रा.फ.नं. : ३३५/०६५/६६<br>ठेगाना : साफेबगर न.पा ०१, अछाम<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. चक्र बहादुर सुनार**<br>(ना.प्र.नं. २३७८५, मिति २०५९/०८/२५ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>बाबु : दिर्घ बहादुर मिजार<br>बाजे : पदमे मिजार<br>**२. सुनिता सुनार**<br>(ना.प्र.नं. ६९-०१-७२-०१८३१, मिति २०७२/०५/०२ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>पति : चक्र बहादुर सुनार<br>ससुरा : दिर्घ बहादुर मिजार | १. चक्र बहादुर सुनारको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी वडा नं. ०३ स्थित कि.नं. ११० (१५६.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. चक्र बहादुर सुनारको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, मष्टामाण्डौ वडा नं. ०१ स्थित कि.नं. ३२२ (२७.३ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | विविध कर्जा | **४) ऋणी : कविता जनरल स्टोर**<br>प्रा.फ.र.नं. : ६५२/०६८/०६९<br>ठेगाना : बदादिवी वडा नं. ०७, अछाम<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. जनक बहादुर साउँद**<br>(ना.प्र.नं. ६९१०२९/८५३६, मिति २०६५/११/30 मा जि.प्र.का. अछामबाट जारी भएको)<br>बाबु : दिर्घ बहादुर साउँद<br>बाजे : रंग साउद<br>**२. निर्मला कुमारी साउँद**<br>(ना.प्र.नं. ६९१०२९/१८४०१, मिति २०६७/१२/२२ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>पति : जनक बहादुर साउँद<br>ससुरा : दिर्घ बहादुर साउद<br>**३. दिर्घ बहादुर साउद**<br>(ना.प्र.नं. ६९१०२९/२८२०, मिति २०६४/१०/२३ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>बाबु : रंग साउद<br>बाजे : चक्र बहादुर साउद<br>**४. चन्द्रकला देवी साउद**<br>(ना.प्र.नं. ६९३०२९/६०१ मिति २०६३/११/११ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>पति : दिर्घ बहादुर साउद<br>ससुरा : रंग साउद<br>**५. तारामान साउद**<br>(ना.प्र.नं. ६९१०२९/२०३५, मिति २०६४/०७/१४ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>बाबु : दिर्घ बहादुर साउद<br>बाजे : रंग साउद | १. चन्द्रकला देवी साउदको नाममा कैलाली जिल्ला मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, मनिकापुर वडा नं. ०८ स्थित कि.नं. २७६५ (३३९.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. निर्मला कुमारी साउँदको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, बदादिवी वडा नं. ०७ स्थित कि.नं. ४० (१२०.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | विपन्न वर्ग कर्जा | **५) ऋणी : बलराम खवास**<br>(ना.प्र.नं. ०५२०२०/१५४३, मिति २०६६/११/११ मा जि.प्र.का. मोरङबाट जारी भएको)<br>ठेगाना : बेलबारी ०९, मोरङ्<br>बाबु : भक्तिराम खवास<br>बाजे : बुझन खवास<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**सुनिता खवास**<br>(ना.प्र.नं. ०५२०२०/१८०७४, मिति २०६८/११/१७ मा जि.प्र.का. मोरङबाट जारी भएको)<br>पति : बलराम खवास<br>ससुरा : भक्तिराम खवास | बलराम खवासको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, डांगीहाट गा.वि.स./न.पा. वडा नं. ०८ (ख) स्थित कि.नं. २८७ (०-१-७-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | व्यक्तिगत कर्जा | **६) ऋणी : भवानी शंकर चौलागाई**<br>(ना.प्र.नं. ३००४१५८४, मिति २०४१/०८/०३ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>ठेगाना : रामधुनी ०५, सुनसरी<br>बाबु : धनपति चौलागाई<br>बाजे : भलभद्र चौलागाई<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**मिजुगा भट्टराई**<br>(ना.प्र.नं. ११५८/१०९, मिति २०४५/०१/१२ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति : भवानी शंकर चौलागाई<br>ससुरा : धनपति चौलागाई | मिजुगा भट्टराईको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स./न.पा. वडा नं. ०५ (ख) स्थित कि.नं. १२०७ (०-०-९.५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ७. | आवास कर्जा | **७) ऋणी : मणी राई**<br>(ना.प्र.नं. ६१५२/८७९, मिति २०५८/०५/०६ मा जि.प्र.का. संखुवासाभाबाट जारी भएको)<br>ठेगाना : ईटहरी ०१, सुनसरी<br>बाबु : राम कुमार राई<br>बाजे : रत्न बहादुर राई<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**लक्ष्मी राई**<br>(ना.प्र.नं. १०२०२२/१७४७, मिति २०६८/०४/२० मा जि.प्र.का. संखुवासाभाबाट जारी भएको)<br>पति : मणी राई<br>ससुरा : राम कुमार राई | मणी राईको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, हांसपोसा गा.वि.स./न.पा. वडा नं. ०१ (ख) स्थित कि.नं. ८०३६ (०-०-७.२५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ८. | हायर पर्चेज कर्जा | **८) ऋणी : बल बहादुर वली**<br>(ना.प्र.नं. २७९९१/५४०, मिति २०५३/०८/०७ मा जि.प्र.का सुर्खेतबाट जारी भएको)<br>ठेगाना : भेरीगंगा न.पा. वडा नं. ०९, सुर्खेत<br>बाबु : नर बहादुर वली<br>बाजे : बलु बहादुर वली<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**दिलमाया वली**<br>(ना.प्र.नं. ३७८६३/४६०, मिति २०५६/१२/११ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको)<br>पति : बल बहादुर वली<br>ससुरा : नर बहादुर वली | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : TATA Motors<br>सवारीको मोडेल : SUMO GOLDEX<br>निर्माण वर्ष : 2017<br>ईन्जिन नं. : 4977PTC43PTY643705<br>च्यासिस नं. : MAT446564GEP11664<br>सवारी दर्ता नं. : भे १ ज ९२५ |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



## कतारमा रोजगार | कम्पनी: PURO CLEANING SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नंः ६०१८८३०५ LT. No.: 272492 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 101 | 0 | स. काममा दक्ष | 1000 | ३५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : PURO CLEANING SERVICES शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नंः ६०१६३५३१ LT. No.: 246358 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 31 | 0 | स. काममा दक्ष | 1000 | ३५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## मलेसियामा रोजगार
कम्पनी: NILAM JAUHARI SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२९ चलानी नं.: ६०१८५३०७ LT. No.:269431 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cargo Handlers | 130 | 0 | स. काममा दक्ष | 1500 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## साउदीमा रोजगार | कम्पनी: AL AWAN INTERNATIONAL CONTRACTING COMPANY
शहर: Saudi Arabia,dammam
पूर्व स्वीकृत मितिः २०७९/१२/०८ चलानी नं.: ६०१९८५३४ LT. No.: 283097 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतार र मलेसियाको निःशुल्क साउदीको रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

इजाजत नं. ९३४/०६७/०६८
**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



## SAUDI मा रोजगारको अवसर

१. कम्पनी : SANAM LAUNDRIES शहर: SAUDI, ARABIA
पूर्व स्वीकृत मितिः २०७९/१२/२८ चलानी नं.: ६०१९९८७१ LT. No.:284571 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry And Ironing Labour | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ६२,७४८ | | | | | | | |
| 3. | Loading And Unloading Labor | 2 | 0 | | 1000 | ३४,८६० | | | | | | | |

२. कम्पनी : EASTERN CROWN FACTORY FOR INDUSTRY शहर: SAUDI,ARABIA
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३८४६ LT. No.:278350 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pickup Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Upload And Download Operator | 3 | 0 | | 1600 | ५५,७७६ | | | | | | | |

३. कम्पनी : ESSA RASHED AL OWAIDAN COMPANY FOR CONTRACTING शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/१०/१९ चलानी नं.: ६०१९५९६९ LT. No.: 280460 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

3 Brothers
श्रम इजाजत पत्र नं. ७१२/०६४/०६५
**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

# गण्डकीमा नयाँ सरकार गठनका लागि आह्वान




**कास्की/मस-** गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नयाँ सरकार गठनका लागि दाबी पेश गर्न आह्वान गरेका छन् ।

मंगलबार प्रदेश प्रमुख गुरुङले संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दल मिलेर सरकार गठनका लागि ३ दिनभित्र दाबी गर्न आह्वान गरेका हुन् । मुख्यमन्त्री खगराज अधिकारीले वैशाख ९ गते सदनबाट विश्वासको मत पाउन नसकेपछि नयाँ सरकार गठन गर्न आह्वान भएको हो ।

६० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ३१ जना भए बहुमत पुग्छ । प्रदेश सभामा नेपाली कांग्रेसको २७, माओवादी केन्द्रको ७, एमालेको २२, एकीकृत समाजवादीको एक, राप्रपाको २ सांसद रहेका छन् । प्रदेश प्रमुख गुरुङले सरकार गठनका लागि आह्वान गरेपछि कांग्रेसका सुरेन्द्रराज पाण्डेले दाबी पेश गर्ने तयारी गरेका छन् ।

# हुम्लामा खाद्यान्नको मौज्दात न्यून हुँदै



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १२ वैशाख

हुम्लामा खाद्यान्नको मौज्दात न्यून हुँदै गएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय हुम्लाको गोदाममा ५ सय क्विन्टल मात्र खाद्यान्न मौज्दात रहेको छ ।

हवाई तथा पैदल मार्गबाट चालु वर्षका लागि निर्धारित कोटाको खाद्यान्न ढुवानीको जिम्मा लिएका निजी एयरलाइन्स र पैदल मार्गबाट ढुवानीको जिम्मा पाएका सप्लायर्सहरुले समयमै खाद्यान्न ढुवानी नगर्दा मौज्दात न्यून भएको हो । गोदाममा खाद्यान्न मौज्दात कम भएपछि बिक्री गर्न सक्ने अवस्था छैन । हुम्ला शाखाका निमित्त कार्यालय प्रमुख नवीन आचार्यले हाल गोदाममा खाद्यान्न मौज्दात न्यून रहेका कारण बिक्री गर्न समस्या देखिएको जानकारी दिए ।

नेपालगञ्जबाट हवाईमार्गबाट ढुवानी भएर आउनुपर्ने ४ हजार क्विन्टल खाद्यान्नमध्ये हालसम्म ३ हजार ५ सय ७९ क्विन्टल ढुवानी भएको र सुर्खेतबाट ६ हजार क्विन्टलमा पाँच हजार १ सय ४३ क्विन्टल ढुवानी भएको छ । सुर्खेतबाट ८ सय ५६ क्विन्टल खाद्यान्न ढुवानी हुन बाँकी रहेको छ ।

त्यसैगरी पैदल मार्गबाट राजापुरबाट १ हजार क्विन्टलमा हालसम्म ५ सय एक क्विन्टल, सुर्खेतबाट १ हजार क्विन्टलमा ५ सय ७ क्विन्टल, नेपालगञ्जबाट १ हजार क्विन्टलमा ३ सय ६० क्विन्टल र धनगढीबाट १ हजार क्विन्टलमध्ये ३ सय ५२ क्विन्टल खाद्यान्न मात्र ढुवानी भएको छ ।

पैदल मार्गबाट ४ हजार क्विन्टल खाद्यान्नमध्ये चैत महिनासम्म एक हजार ६ सय २ क्विन्टल मात्र ढुवानी भएको छ । अझै पैदल मार्गबाट २ हजार २ सय ७८ क्विन्टल खाद्यान्न ढुवानी हुन बाँकी छ ।

बाँकी रहेको खाद्यान्न ढुवानीका लागि शाखाले पत्र काटेर ताकेता गर्दासमेत ढुवानी हुन सकेको छैन । हाल शाखाको गोदाममा खाद्यान्न पाँच सय क्विन्टल मात्र मौज्दात रहेको छ । यसबाट सर्वसाधारण, कर्मचारी र बजारवासीलाई खाद्यान्न बिक्री गर्न सकिने अवस्था रहेको छैन । उक्त मौज्दात खाद्यान्न भैपरी आउने जन्म, मृत्यु र अन्य अत्यावश्यक कार्यका लागि बिक्री गरिँदै आएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/११/२८ मा दर्ता भएको **प्रा.लि. नं. २५८६१३** को **चार धाम खाद्यान्न प्रा.लि.**नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सिलबन्दी दरभाउ उपलब्ध पत्र पेश गर्ने सम्बन्धित सूचना**

यस स्मार्ट कार्यक्रमका लागी कृषकको माग अनुसारको १०/६ को फलामको टनेल आवश्यक परेकोले यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भिए ईच्छुक व्यापारीबाट गोप्य सिलबन्दी दरभाउ उपलब्ध गराउनुहुन अनुरोध छ । सोको उपलब्ध गराउदा विभिन साइजहरु खुलाई न्यूनतम मूल्य खुलाई पेश गर्नुहुन अनुरोध छ ।

**जनप्रिय स्मार्ट कृषि गाँउ कार्यक्रम कार्यान्वयन समिती**
**मल्लरानी २, प्युठान**

# चन्द्रनगर गाउँपालिकामा जग्गाधनी पुर्जा वितरण

सर्लाही/मस- सर्लाहीको चन्द्रनगर गाउँपालिकाले जिल्लामै पहिलो पटक जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण शुरु गरेको छ । चन्द्रनगर गाउँपालिका-४ स्थित गढाटोलाबाट जिल्लामै पहिलो पटक जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण शुरु गरिएको पालिका अध्यक्ष राजकुमार महतोले जानकारी दिए । वडा नम्बर ४ को दलित बस्तीका ४५ जनालाई जग्गा धनी पुर्जा (लालपुर्जा) वितरण गरेर अभियान शुरुवात गरिएको नापी कार्यालयका प्रमुख सञ्जय मानन्धरले बताए । उनका अनुसार पुस्तौं पुस्तादेखि जोतभोग गरिरहेको गाउँ ब्लक जग्गाको लालपुर्जा सम्बन्धित व्यक्तिहरुलाई प्रदान गरिएको छ ।




'पुस्तौंदेखि जोतभोग गरिरहेको जमिनको पहिलोपटक जग्गा धनी पुर्जा प्राप्त हुँदा आफूलाई निकै खुसी लागेको छ', स्थानीयवासी नागेन्द्र महराले भने, 'आफ्नो पिता पुर्खादेखि लालपुर्जा नहुँदा धेरै दुःख पाइया थियो । बल्ल अहिले आफूले जोत भोग गरेको जमिनको जग्गाधनी पुर्जा प्राप्त भयो ।'

वर्षौं वर्षदेखि आफूहरु जग्गा भएर पनि जग्गाविहीन भएर बस्न बाध्य भएकामा अहिले धनी पुर्जा प्राप्त हुँदा खुसी लागेको अर्का स्थानीयवासी संझादेवी माझीले बताइन् ।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure**
**Local Infrastructure Development Project Office**
**Karnali Province, Birendranagar, Surkhet**

**Invitation for Bids**

**IFB No: LIDPO/Surkhet/KS/W/NCB-06/2079/080**
**Date of Publication: 2080-01-13 (April 26, 2023)**

1. Local Infrastructure Development Project Office (LIDPO), Surkhet invites electronic bids from Nepalese eligible bidders for the projects mentioned below.
2. Electronic bids must be submitted to LIDPO, Surkhet through PPMO website 2080-02-12 (Friday, May 26, 2023), 12:00 hrs. Bids received after this deadline will be rejected. Submitted bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080-02-12 (Friday, May 26, 2023), 13:00 hrs at LIDPO, Surkhet.
3. Eligible Bidders may obtain further information at LIDPO, Surkhet or may visit PPMO website **www.bolpatra.gov.np/egp**. The office Rajaswa (Revenue) account information is as follows:
   **Name of the Bank: Rastriya Banijya Bank, Birendranagar, Surkhet** **Office Code No.: 347026801**
   **Name of Office: Local Infrastructure Development Project Office, Surkhet** **Office Account No.: 1000100200010000**
   **Rajaswa (Revenue) Shirshak No.: 14229**
4. The name and identification of the bids are as follows:
   Single Stage Double Envelope Bidding Procedure.

| S. N. | Name of Project | Contract ID | Specific Work Experience | Bidding Document Fee (NRs.) | Bid Security (NRs.) | AACT (NRs.) | Bid Capacity (NRs.) | Minimum Work Experience (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Chhinkhet Pipal Lagim Syarpu Road Improvement Project, Bafikot RM, Rukum West | LIDPO/Surkhet /KS/W/NCB -20/2079/080 | As stated in Section III | 10,000 | 37,00,000 | 9,90,00,000 | 11,88,00,000 | 7,92,00,000 |
| 2 | Sinja Urban Infrastructure Development Project, Package No. II, Jumla | LIDPO/Surkhet /KS/W/NCB -22/2079/080 | As stated in Section III | 5,000 | 18,40,000 | 6,53,00,000 | 5,87,50,000 | 3,92,00,000 |

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Panchthar, Phidim**
**Koshi Province, Nepal**

**RE-Invitation For E-Bid**

**Notice No. 08/079/80 (Re)**
**Second Date of Publication: 26th April 2023 (2080/01/13)**

1. Infrastructure Development Office, Panchthar invites electronic bids only from eligible bidders for the following works.
2. Only eligible bidders with the key qualifications as mentioned in Evaluation Criteria of bidding documents should participate in this bidding:

| Contract Identification No.: | Description & Location of Work | Minimum Average Annual Construction Turnover best of 3 years out of last 10 fiscal years excluding VAT (NRs.) In millions | Cash Flow (NRs) In millions | Bid Capacity (NRs.) In millions | Bid Security (NRs.) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| IDO-PAN-NCB-ROAD-079/80-32 | Upgrading of Sarkhande-Yashok Road Section (Chainage 11+310 to 12+844.07 Km), Panchthar | 123.00 | 20.50 | 74.00 | 20,00,000.00 | 5,000.00 |

3. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue a/c No: | 27002000001001000001 | Office Code: | 3370102011 |
|---|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Revenue Heading No: | 14229 | Nepal Bank Limited, Phidim | |
| 11 May, 2023 (2080/01/28) | 12:00 hours | 11 May, 2023 (2080/01/28) | 13:00 hours | Deposit a/c No : (Dharauti) | 06702000002003000001 | Pra.le.ikai.ka | |
| | | | | Name of office | Infrastructure Development Office, Panchthar | | |
| | | | | Bank | Nepal Bank Limited, Phidim | | |

4. Bid Security period shall be 30 days beyond bid Validity period. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMOs website www.bolpatra.gov.np
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum).

